

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



लागूऔषधको सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ । यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहने प्रयत्न गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन १९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 03 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८७


## मेलाको नाउँमा गहुँखेतीमा डोजर चल्यो, किसान आक्रोशित

प्रस, रौतहट, १८ फागुन/

मौलापुर नगरपालिकामा यही फागुन २७ गते महाशिवरात्रिमा लाग्ने मेलाको लागि किसानले लगाएको तीन बिघा गहुँखेतीमा डोजर चलाइएको छ ।





गहुँबालीमा डोजर चलेपछि रुँदै आफ्नो दुःखेसो पोख्दै महिला ।

किसानहरूले शिवरात्रि मेलाको लागि आफूहरूले लगाएको बाली नष्ट गरिनु चरम ज्यादती भएको प्रतिक्रिया दिएका छन् ।

मौलापुर नगरपालिकाकी प्रमुख रिनादेवी साह हुन् । उनका पति प्रभु साह शहरी विकासमन्त्री हुन् । दुवैजना शक्तिशाली पदमा भएको कारण उनीहरूको आग्रहमा महाशिवरात्रि मेलाको उद्घाटन गर्न राष्ट्रपति विद्यादेवी भण्डारी आउँदैछिन् । धार्मिक कार्यक्रमको आयोजना हुन लागेकोमा स्थानीयहरू खुशी छन् । सो परियोजनको लागि किसानहरूले लगाएको गहुँबालीमा डोजर लगाएकोमा अहिले मौलापुरका किसान मात्र हैन अन्य व्यक्ति पनि आक्रोशित भएका छन् । स्थानीय किसानहरूले मन्त्री र नगरप्रमुखको कारण आफ्नो गहुँखेती नष्ट भएको प्रतिक्रिया दिएका छन् ।

वैकल्पिक बाटो नरोजी पाक्न लागेको गहुँखेतीमा डोजर चलाएर कार्यक्रम आयोजना गर्नु चरम तानाशाहको नमूना भएको आरोप लगाए । किसानहरूले तीन बिघा गहुँखेतीको क्षतिपूर्ति माग गरेका छन् । राष्ट्रपतिको कार्यक्रम जनहितका लागि हुनुपर्नेमा सोविपरीत गरिनु र ष्ट्रपति सहभागी हुनु शोभादायक नहुने किसानहरूले बताएका छन् । आफूहरूले गहुँखेतीबाट जीविकोपार्जन गर्ने र सोमा डोजर चलाउने र त्यसको उद्घाटन राष्ट्रपतिले गर्ने हो भने जनविश्वास गुम्ने किसानहरूको प्रतिक्रिया छ । तीन बिघा गहुँखेती मौलापुरका चार–पाँच किसानको हो ।

मौलापुर नगरपालिकाकी प्रमुख साहले भने क्षतिपूर्ति दिने शर्तमा गहुँबालीमा डोजर चलाएको बताएकी छिन् । उनले 'क्षतिपूर्ति दिने भनेका छौं र दिन्छौं' भनी प्रतिक्रिया दिएकी छन् । तर किसानहरूले कार्यक्रमअगावै क्षतिपूर्ति दिनुपर्ने माग गरेका छन् । उनीहरूले कार्यक्रमपछि क्षतिपूर्ति दिने कुरामा विश्वस्त हुन नसकिने बताए ।

## फागुलाई लक्षित गरेर धमाधम मदिराभट्टी सञ्चालन

प्रस, सिम्रौनगढ, १८ फागुन/

सिम्रौनगढ नगरपालिका र आसपासका क्षेत्रमा अहिले अवैध घरेलु क्षेत्रमा अहिले धमाधम नयाँ मदिराभट्टी सञ्चालनमा आएको बताए । खासगरी भारतमा मदिरा प्रतिबन्ध रहेको र फागु



सिम्रौनगढ नगरपालिकामा रहेका एउटा मदिराभट्टी । तस्वीरः प्रतीक

पूर्णिमामा यसको माग बढी हुने भएकोले अहिले सिम्रौनगढ क्षेत्रमा अवैध घरेलु मदिराभट्टी सञ्चालनमा आएर उत्पादन बढ्दैछ ।

अवैध घरेलु मदिराभट्टी नियन्त्रणका लागि यो क्षेत्रमा प्रहरीले सक्रियता देखाउन सकेको छैन । यसै कारण यहाँबाट मदिरा तस्करीको माध्यमबाट भारत पुऱ्याउने कार्य भइरहेको छ र बेलाबखत नेपाली मदिरा तस्करहरू पक्राउ पर्ने गरेका छन् ।

फागु पूर्णिमालाई लक्षित गरेर सिम्रौनगढ नगरपालिका र आसपासमा सञ्चालित अवैध घरेलु मदिराभट्टीहरूमा उत्पादन बढाइँदैछ भने त्योसँगै नयाँ भट्टीहरू पनि सञ्चालनमा आएको स्थानीयले बताए । उनीहरूले सिम्रौनगढ नगरपालिकाको कचोर्वा, सिम्रौनगढ, खजानी, ठूलो इँटवाल र भारतीय सीमासँग जोडिएका क्षेत्र तथा जङ्गल मदिरा उत्पादन गर्ने नयाँ भट्टीहरू सञ्चालनमा आएका छन् ।

## पर्सा, बारामा स्वच्छता र राहत सामग्री वितरण

प्रस, वीरगंज, १८ फागुन/

युके एड र स्ट्रीट चाइल्ड नेपालको आर्थिक सहयोगमा आसमान नेपाल र जवात संस्थाले पर्सा, बारामा स्वच्छता तथा महीनावारी स्वच्छता सामग्रीसहित राहत वितरण गरेको आसमान नेपालका इमर्जेन्सी रेस्पोन्स अफिसर धर्मेन्द्र चौरसियाले बताए ।



पर्सा, बारा र सर्लाहीमा राहत तथा स्वास्थ्य सुरक्षा सामग्री वितरण गरिंदै । तस्वीरः प्रतीक

पर्सा, बारा, रौतहट र सर्लाही गरी प्रदेश २ का चार जिल्लामा तत्वा, मुसहर, डोम समुदायका मानिसहरूलाई लकडाउनपछि सो सामग्री उपलब्ध गराउने नीतिअनुरूप पर्सा र बारामा सामग्री वितरण गरिएको हो । रौतहट र सर्लाहीमा कार्यक्रम जारी रहेको अफिसर चौरसियाले बताए ।

पर्सा जिल्लाका पकाहामैनपुर, कालिकामाई गाउँपालिका र पर्सागढी तथा पोखरिया नगरपालिकामा ७ सय २२ जनालाई स्वास्थ्य स्वच्छता तथा महीनावारी सामग्री वितरण गरिएको थियो भने ५ सयजनालाई राहत सामग्री वितरण गरिएको थियो । २५ किलो चामल, ५ किलो दाल, ३ किलो नून, ३ लिटर तेल र २ किलो चना राहतमा वितरण गरिएको अफिसर चौरसियाले बताए । लकडाउनमा दैनिक ज्यालादारी गरेर कमाउने यो समुदाय रोजगारविहीन भएको र उनीहरूलाई खानसमेत समस्या भएकोले उनीहरूको स्वास्थ्यसमेतलाई ध्यानमा राखेर स्वास्थ्य स्वच्छता सामग्री र राहत वितरण गरिएको अफिसर चौरसियाले बताए ।

बारा जिल्लाका प्रसौनी, आदर्शकोतवाल, फेटा, सुवर्ण, पचरौता, देवताल र विश्रामपुर गाउँपालिकालगायत ६ स्थानमा कार्यक्रम सञ्चालन भएको थियो र त्यहाँ ५५४ जनालाई स्वच्छता सामग्री र ४ सय ४१ जनालाई राहत सामग्री वितरण गरिएको अफिसर चौरसियाले बताए ।

रौतहटको राजदेवी नगरपालिका, दुर्गाभगवती, यमुनामाई गाउँपालिकामा ५७५ र सर्लाहीको हरिपुर, लालबन्दी, हरिपूर्वा नगरपालिका र पर्सा गाउँपालिकामा ६०२ जनालाई स्वास्थ्य तथा महीनावारी स्वच्छता सामग्री वितरण गरिएको थियो भने राहत वितरण कार्य जारी रहेको कार्यक्रम संयोजक जमुना श्रेष्ठले बताइन् । उनले सामग्री वितरण कार्यक्रम सामाजिक दूरी कायम गरेर गरिएको र सो क्रममा स्वास्थ्य सामग्री तथा राहत नपाएकाहरूको गुनासो पनि सङ्कलन गरिएको बताइन् ।

## ग्रामीण नाकाबाट इन्धनको निर्बाध तस्करी

प्रस, सेढवा, १८ फागुन/

पर्साको ग्रामीण क्षेत्रबाट पेट्रोलियम



ग्रामीण क्षेत्रको पेट्रोलपम्पबाट इन्धन लैजाँदै तस्कर । तस्वीरः फाइल/प्रतीक

पदार्थको तस्करी जारी छ ।

भारतमा पेट्रोलियम पदार्थ नेपालको तुलनामा महँगो भएकोले केही महीनादेखि पेट्रोलियम पदार्थको तस्करी बढेको हो ।

विजयबस्ती, सुवर्णपुर, सेढवा, महादेवपट्टि, पिडरीगुठी, पाँडेपुर, जानकीटोला, आसवारी, मिर्जापुर, बुढगाइँ, भिस्वामा नेपाल प्रहरीको एकाइ कार्यालय छ भने सुवर्णपुर, महादेवपट्टि, पिडरीगुठी, भिखमपुर, बन्जारी र भिस्वामा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट छन् तर पनि पेट्रोलियम पदार्थको तस्करी निर्बाधरूपमा हुँदैछ ।

भारतीय सीमा इनर्वा, भङ्गाहा, मैनाटार, डुमाटारलगायतका स्थानमा ग्रामीण क्षेत्रमा रहेका पेट्रोलपम्पबाट ड्रम, ग्यालेनमा भरेर पेट्रोल, डिजेल, मोटरसाइकल, साइकल र ट्याक्टरबाट लैजाने गरिएको छ ।

भारतमा पेट्रोल भारु ८७.३० र डिजेल भारु ७९.५० प्रतिलिटर छ । सोको तुलनामा नेपालमा अहिले लगातार पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदा पनि प्रतिलिटर पेट्रोल रु ११६ र डिजेल रु ९६ पुगेको छ । नेपालमा भारतभन्दा पेट्रोलमा अहिले पनि प्रतिलिटर रु २४ र डिजेलमा रु ३१ कम छ । यसैले अहिले पनि पेट्रोलियम पदार्थको तस्करी निर्बाधरूपमा भइरहेको छ ।

## सयवटा फर्मबाट ३० लाख जरिवाना असुल

प्रस, वीरगंज, १८ फागुन/

चालू आर्थिक वर्षमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजले आफ्नो क्षेत्रमा कानूनविपरीत सञ्चालित एक सयवटाभन्दा बढी फर्मलाई कारबाई गरेको छ । यसरी कारबाई गर्दा ३० लाख रुपैयाँभन्दा बढी दण्ड जरिवाना असुल भएको सो कार्यालयले जनाएको छ ।

बढी मूल्य राखेर सामान बिक्री गर्ने, अरूको ब्रान्ड चोरी गर्ने, पसलमा मूल्य सूची नराख्ने, खरीद बिल नदेखाउने, इजाजत नलिई पसल सञ्चालन गर्ने तथा अनुगमन कार्यमा सहयोग नगर्नेलगायतका १०५ वटा व्यापारिक प्रतिष्ठानलाई

(बाँकी अन्तिम पातामा)



पसलको अनुगमन गर्दै टोली । तस्वीरः फाइल

कार्य उद्यम गर्नाले सिद्ध हुन्छ। केवल इच्छा गर्नाले कुनै कार्य सफल हुन सक्दैन। सुतेको सिंहको मुखमा हरिण स्वतः प्रवेश गर्दैन, सिंहले त्यसको शिकार गर्नुपर्छ।

-विचारसार र सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# सर्वोच्चको फैसला र भ्रम

**नेकपाका अध्यक्ष केपीशर्मा ओली नेतृत्वको सरकारले घोषणा गरेको मध्यावधि निर्वाचनलाई सर्वोच्चले असंवैधानिका ठहर गर्दै खारेज गरिदियो। 'मुलुकको संविधानले बहुमतप्राप्त दलको प्रधानमन्त्रीलाई नभई अल्पमत दलको प्रधानमन्त्रीलाई मात्रै मध्यावधि घोषणाको अधिकार दिएको रहेछ' भन्ने बुझाइ धेरैको छ। "वर्तमान सरकार अल्पमतमा पऱ्यो भने यसैले फेरि मध्यावधि घोषणा गर्छ, कामचलाउ सरकार अब झन् बलियो भयो" भन्ने भनाइहरू पनि आएका छन्। त्यसैगरी "हामीले भने अनुसार फैसला भयो, फैसला हाम्रो हितमा छ" भन्दै नेकपाकै अर्का अध्यक्ष प्रचण्ड पक्षधरहरू लड्डु बाँडिरहेका छन्। वास्तवमा दुवैतर्फका पक्षधरहरू भ्रममा छन् र वास्तविकताभन्दा अप्रमाणित हावा गफ दिएर मुलुक र मुलुकवासीलाई दिग्भ्रमित पार्ने प्रयास गरिरहेका छन्।**

**अदालतप्रति पूर्ण विश्वास छ भने फैसला पछि दुःखी र खुशी हुनुपर्ने कुनै कारण छैन। प्रचलित संविधान, ऐन, नियम, कानूनमा जे व्यवस्था छ, सोही आधारमा अदालतले फैसला दिने हो। हालको मुद्दामा सर्वोच्चले गरेको फैसला पनि संविधानमा व्यवस्था भएबमोजिम नै हो। संविधान लागू गर्ने क्रममा जटिलता आयो वा द्विविधा रह्यो भने सोको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतको हो। यसपटकको मुद्दामा खास यस्तो जटिलता केही थिएन। मुद्दाका पक्ष–विपक्षले मुद्दालाई जबरजस्ती जटिल बनाउने र सम्मानित अदालतलाई विवादमा फसाउने दुष्प्रयास मात्रै गरिरहेका थिए। मुद्दाका पक्ष–विपक्षमा अलिकति पनि नैतिकता र जिम्मेवारी बोध थियो भने अदालतमा मुद्दा परिसकेपछि सो मुद्दाबारे सार्वजनिक अभिव्यक्ति दिनुहुँदैन। उसले जति बहस, पैरवी, दाबी, जिकिर जे गर्ने हो, इजलासमैं गर्नुपर्छ। "म नै ठीक हुँ, मेरो दाबी अनुसार फैसला दिनुपर्छ" भन्दै जनमत तयार गर्ने, हुल बाँध्ने वा गौंडा बथान्ने कार्य न्यायालयलाई प्रभावित पार्ने दुष्प्रयास हो। न्यायालयले ठूलो चर्को आवाजलाई सुन्ने र टाउको गनेर निर्णय दिने काम गर्दैन। यसो हुने हो भने त आवाज नहुने र टाउको भेला गराउन नसक्ने सोझा निर्धाहरूले न्यायको कल्पना गर्न पनि सक्ने थिएनन्। यसपटकको मुद्दामा दुवै पक्षले फैसलाभन्दा पहिले र फैसलापश्चात् पनि भ्रम सृजना गरिरहेका छन्।**

**नेपालको संविधान २०७२ को धारा ७६, 'उपधारा (७) को (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महीनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नेछ।' उपधारा ७ को ५ भनेको नै उपधारा २ हो। यस उपधारामा प्रतिनिधिसभामा कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन नसकेको खण्डमा 'बहुमत सदस्यको मलाई समर्थन छ' भनेर आधार प्रस्तुत गरेका कुनै सदस्यलाई प्रधामन्त्री बनाइयो तर उसले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न सकेन भने यस्तो प्रधानमन्त्रीलाई मात्रै प्रतिनिधिसभा विघटन गर्न पाउने अधिकार छ। संविधानमा अरू प्रक्रियाबाट पनि प्रधानमन्त्री नियुक्त हुने व्यवस्था पनि छ। तर त्यस्तो कुनै पनि प्रधानमन्त्रीलाई संसद् विघटनको अधिकार छैन। मुख्यतः यही स्पष्ट आधारमा टेकेर सर्वोच्चले फैसला दिएको हो। यसमा कसैले भने जस्तो वा कुनै पक्षको हित होस् भन्ने अभिप्राय नभई निष्पक्ष छ र प्रचलित संविधानको हितमा छ। संविधान अपूरो हुन सक्छ, त्यो फरक कुरा हो।**

# बल्झेको नेपाली राजनीति

स्वतन्त्र विचार



विनोद गुप्ता

**एकदमै विपरीत अवस्थामा ओलीले पार्टी फुटाउने र काङ्ग्रेसको समर्थनमा संसद् विघटन गरी फेरि चुनावमा धकेल्ने सम्भावनाको समेत चर्चा भइरहेको छ। तर नेकाले यस्तो कदम चालेमा चुनाव जित्नेतर्फ जमानतसमेत जोगाउन अप्ठेरो पर्ने स्थिति आउन सक्छ।**

सम्मानित सर्वोच्च अदालतले गरेको फैसलाले नेपालको राजनीति मूलधारमा फर्किएको र प्रम ओलीको प्रतिगमन निरस्त भएकोमा सबै नेपाली न्यायपालिका र यसका न्यायमूर्तिहरूप्रति नतमस्तक नै हुनुपर्दछ। नतमस्तक यस अर्थमा कि सर्वोच्चले निवेदकहरूको मागबमोजिम पुनर्स्थापना मात्र गरेन, बरु विघटित संसद्को निरन्तरता कायम गर्दै बैठक बोलाउने मितिसम्म तय गरिदिएको छ। पुनर्स्थापना पक्षका निवेदकहरूबाट मिति तोक्ने माग नभएको अवस्थामा विपक्षले प्रम ओलीले बैठक नडाक्न सक्ने तर्क प्रस्तुत गरेको आधारमा संज्ञान लिंदै अदालतले मितिसम्म तोकेर पुनर्स्थापनाको पक्षमा फैसला दिएर देश र संविधानलाई समेत लिकमा ल्याइदिएको हो।

ओली समूह र प्रचण्ड–नेपाल समूहको पार्टीबारेको आधिकारिकता विवादमा निर्वाचन आयोगले म्याद नाघिआएको भनी अड्को थाप्ने निश्चित नै छ। यस अवस्थामा देशको राजनीति जटिल हुने भविष्यवाणी भइरहेको छ। सर्वोच्चको आदेश अनुसार फागुन २३ गतेको लागि बैठक डाक्ने गरी काम भइरहेको छ। यस अवस्थामा प्रमले नैतिकताको आधारमा राजीनामा दिने वा संसद्को सामना गर्ने दुईवटा मात्र विकल्प भएकोमा प्रम ओलीले इतिहाससमेतको बेवास्ता गरी संसद्को सामना गर्ने बताइसक्नुभएको छ। विगतमा पूर्वप्रमहरू कीर्तिनिधि विष्टले सिंहदरबार आगलागी, सूर्यबहादुर थापाले राजाले संसद्को राय लिएर विघटन अस्वीकार गरेपछि र गिरिजाप्रसाद कोइरालाले मालेले समर्थन फिर्ता लिएपछि नैतिकताका आधारमा राजीनामा दिएका थिए। त्यतिमात्र होइन, ओली सरकारकै मन्त्री शेरबहादुर तामाङ र गोकुल बाँस्कोटाले समेत नैतिकताको आधारमा राजीनामा दिएको सबैलाई थाहा नै छ।

उहाँको यो घोषणाले कामै लिन नसक्ने भनी विघटन गरेको संसद्मा उहाँ कसरी फर्किन मिल्छ भन्ने प्रश्न खडा भएपनि प्रमलाई यसको वास्ता छैन। यस्तो अवस्थामा प्रचण्ड–नेपाल समूहसँग रहेको पहिलो विकल्प हो (१) ओलीसँग सम्झौता गरेर विवाद समाप्त गरी सत्ता चलाउने (२) ओलीलाई संसदीय दलको नेताबाट हटाउने र (३) अविश्वास प्रस्तावबाट हटाउने। पहिलो विकल्प कुनै ठूलो चमत्कार नै भयो भने सम्भव होला। दोस्रो विकल्पको कुरा गर्दा संसदीय दलभित्र ओली र प्रचण्ड–नेपाल समूहको सदस्य सङ्ख्यामा थोरै मात्र अन्तर भएकोले 'हर्स ट्रेडिङ'को अत्यधिक जोखिम छ।

संसदीय दलको नेताको पदबाट ओलीलाई हटाउँदा उनी प्रधानमन्त्री रहने अवस्था हुँदैन तर संसदीय दलको बैठक संसदीय दलको नेताले मात्र बोलाउन सक्ने हुँदा ओलीले बैठक नबोलाइ संसद्को सामना गर्ने तयारी गरेको हुनुपर्दछ। संसदीय दलभित्र पनि उनको बहुमत शङ्कास्पद नै रहेको छ। तर संसदीय दलको नेताविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएमा भने उपनेताले १५ दिनभित्र बैठक बोलाउने व्यवस्था छ।

तेस्रो विकल्पमा जान आफ्नै दलभित्रको व्यक्तिलाई अविश्वासको प्रस्ताव लगाउने नैतिक सङ्कटका साथै ह्वीपको विरोधमा जाँदा सांसदलाई पद गुमाउने खतरा रहन्छ तर त्यसको कारबाई संसदीय दलबाट नभएर केन्द्रीय समितिबाट गर्नुपर्ने प्रावधान रहेको र प्रचण्ड ओलीसँग केन्द्रीय समितिमा राम्रै बहुमत रहेकोले कानूनीरूपमा धक मान्नुपर्ने देखिंदैन। अब रह्यो नैतिकताको प्रश्न यसलाई समयसापेक्ष रूपमा हेर्नुपर्दछ। सामान्य अवस्थामा खुकुरीले मान्छे काट्दा जन्मकैदको सजाय हुन्छ तर त्यही खुकुरीले युद्धको मैदानमा जति बढी मान्छे काट्यो त्यति ठूलो पदक पाइन्छ। दुवै अवस्थामा कर्म एउटै भएपनि अवस्था फरक हो। त्यसैगरी, ओलीविरुद्धको लडाइँमा अहिले अविश्वासको प्रस्तावबाट हटाउनु अनैतिक हुँदैन। तर यसमा पनि जटिलता देखिएको छ। त्यो के हो भने अविश्वास प्रस्ताव दर्ता गर्दा प्रधानमन्त्रीको नामसमेत खुलाउनुपर्ने व्यवस्था भएकोले कि त नेपाली काङ्ग्रेसले प्रचण्ड–नेपालको कुनै एकको नाममा सहमति जनाउनुपर्ने हुन्छ। यसको अर्को विकल्प भनेको शेरबहादुर देउवाको नाममा सहमति जुट्नु हो तर यसरी पेश भएको अर्को दलको संसदीय दलको नेतालाई प्रममा प्रस्तावित गर्न मिल्छ वा मिल्दैन भन्ने कुरा स्पष्ट छैन। त्यस कारणले काङ्ग्रेस र समाजवादी दलले प्रचण्ड–नेपाल समूहको वैधानिकता स्पष्ट गर्न अडान लिएको बुझिन्छ। अर्को दलको संसदीय दलको नेताको नाम प्रस्ताव गर्न मिल्ने अवस्था वा प्रचण्ड–नेपाल समूहले वैधानिकता टुङ्गो लगाएमा जुनसुकै अवस्थामा काङ्ग्रेसको सहयोगविना सरकार बन्न नसक्ने भएकोले नेकाले ओली समूहलाई साथ दिने आत्मघाती कदम नचाल्ने हो भने प्रचण्ड–नेपाल समूहसँग मिलेर अगाडि बढ्ने रणनीति लिन सक्छ। यस्तो अवस्थामा आफू प्रधानमन्त्री र रामचन्द्र पौडेललाई राष्ट्रपतिमा राखी आउँदो महाधिवेशनबाट निष्कन्टक सभापति बन्न पाउने सौभाग्य देउवालाई मिल्नेछ। अर्कोतर्फ देउवालाई समर्थन गर्दा अविश्वास प्रस्ताव दर्ता गर्दा प्रधानमन्त्रीको लागि प्रस्तावित व्यक्तिलाई राष्ट्रपतिले नियुक्त गर्नुपर्ने व्यवस्था संविधानको धारा १०० (७) मा रहेको र त्यसरी नियुक्त व्यक्तिले एक महीनाभित्र संसद्मा विश्वासको मत लिनुपर्ने व्यवस्था छ। जुन सजिलै हुन सक्छ। तर प्रम ओलीले संसदीय दल छलेर संसद्मा जाने र त्यहाँ अविश्वासको प्रस्तावले अप्ठेरो पार्ने काम भएमा अधिवेशन अन्त्य गरी दिन सक्छन् भन्ने चर्चा पनि व्याप्त छ। उनको कामकारबाईले पनि यस्तै सङ्केत गरिरहेको छ। एकदमै विपरीत अवस्थामा ओलीले पार्टी फुटाउने र काङ्ग्रेसको समर्थनमा संसद् विघटन गरी फेरि चुनावमा धकेल्ने सम्भावनाको समेत चर्चा भइरहेको छ। तर नेकाले यस्तो कदम चालेमा चुनाव जित्नेतर्फ जमानतसमेत जोगाउन अप्ठेरो पर्ने स्थिति आउन सक्छ। यस्तो अवस्थामा सभामुखसँग समेत केही विशेषाधिकार छन्, जसको प्रयोग अत्यन्त अप्रिय हुने भएपनि यो अन्योलबाट देशलाई बाहिर निकाल्न सकिन्छ।

# रु ४७ अर्बको आर्थिक अपराध, एक हजारविरुद्ध मुद्दा

काठमाडौं, १८ फागुन/रासस

समृद्धिको यात्रामा अघि बढेको मुलुकमा पछिल्लो दुई वर्षमा आर्थिक अपराधका ठूलाठूला घटनाको पर्दाफास भएको छ।

राजस्व छलीमा संलग्न रहेको कसूरमा प्रतिष्ठित व्यक्तिदेखि बहुर्राष्ट्रिय कम्पनीसमेत कानूनी दायरामा आएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत आएपछि राजस्व अनुसन्धान विभागले कर छलीको कसूरमा रु ४७ अर्ब बिगोबराबरको आर्थिक अपराध गरेको आरोपमा विभिन्न व्यक्ति र कम्पनीविरुद्ध मुद्दा चलाएको छ।

विभागका महानिर्देशक दीर्घराज मैनाली भन्छन्, "उच्च आर्थिक कारोबार हुने जोखिम क्षेत्र पहिचान गरेर अनुसन्धान गर्दा ठूलो आर्थिक अपराध गरेको फेला पारेका छौं, कतिपय मुद्दाको चरणमा छन्, त कतिपयै अनुसन्धानकै घेरामा छन्।"

अर्थ मन्त्रालय मातहतमा रहेको विभाग विसं २०७४ फागुन १३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत आएको थियो। विभागले पूर्णरूपमा काम थालेको भने २०७५ साउनबाट हो। उनी बहुर्राष्ट्रिय कम्पनीले समेत राजस्व छली गरेको पाइएकाले आर्थिक अपराधविरुद्ध उपलब्धिमूलक काम भएको मान्नुपर्ने बताउँछन्। कैफियत गर्ने कुनै न कुनै दिन अनुसन्धानको दायरामा आउने मैनालीको विश्वास छ।




तस्वीरः फाइल

विभागले बाटोमा भेटिएको अपरिचितको नागरिकता प्रयोग गरी नक्कली कम्पनी खडा गर्ने, सरकारी कागजात र नक्कली बिल बिजक छाप्नेजस्ता गम्भीर प्रकृतिका आर्थिक अपराधविरुद्ध कारबाई गरिरहेको छ।

मूल्य अभिवृद्धि कर (भ्याट) बिल/प्यान बिल, नक्कली बिजक बिक्री र खरीद गर्ने, नक्कली कारोबार गर्ने, अर्कैको नागरिकता प्रयोग गरी कम्पनी खडा गरेर किर्ते गर्ने, वैदेशिक रोजगारमा कर छली गर्ने, हुण्डीमार्फत अवैधरूपमा अन्तरदेशीय कारोबार गर्ने, विदेशी मुद्रा अपचलन गर्ने गिरोह पनि मुद्दा खेपिरहेका छन्।

झूटो तथा नक्कली बिजक प्रयोग गर्ने सर्लाहीको बलरा नगरपालिका–७ का सुबोध साहसहित १० र मतियार भनिएका अन्य तीन गरी १३ व्यक्तिविरुद्ध गएको माघमा झन्डै रु एक अर्बको राजस्व छली कसूरमा मुद्दा चलाएको छ। विभागले गरेको अनुसन्धानमा उनीहरूले विभिन्न ११ वटा फर्मको बैंक खाता सञ्चालन गरी राजस्व छली गरेका फेला पारेको थियो। उनीहरूले वस्तु तथा सेवा खरीद नै नगरी झूटा तथा नक्कली मूल्य अभिवृद्धि करको बिजक मात्र किनेका थिए। त्यसबाट मूल्य अभिवृद्धि कर र आयकर छली गरेका विभागको आरोप छ।

अघिल्लो वर्ष नेपालमा पेप्सी उत्पादन गर्ने प्रतिष्ठित कम्पनी वरुण वेभरेजले

(बाँकी पाँचौं पातामा)

# लेखकबाट छुट्न गएका गणित

पाठक प्रतिक्रिया

१७ गते प्रतीकमा अनन्तकुमारलाल दासको लेख 'आधुनिक जीवनमा गणितको आवश्यकता' पढें। लेखकले संसारको आदि र अन्त गणित नै हो भन्ने क्रममा केही कुरा छोडिदिएका छन्।

अतः छाडिएका कुरा थप्न म लेखकसँग इजाजत चाहन्छु। त्यो किनभने त्यसमा मजाक लुकेको छ र थाहा छैन कि लेखकलाई मजाक मन पर्छ कि पर्दैन ? सरलाई जति तलब दिइन्छ, त्यो पनि गणित हो। एउटा विद्यार्थीबाट कति शुल्क लिंदा निजी विद्यालय ठीकठाक चल्छ, त्यो पनि गणित हो। कति शुल्क लिंदा अभिभावकको शोषण हुन्छ, त्यो पनि गणित हो। कति बढी लिएमा विद्यालयका मालिक मालामाल हुन्छन्, त्यो पनि गणित हो। विद्यार्थीलाई परीक्षामा बस्न नदिई र अनुत्तीर्ण नगराइ कसरी रकम असुली गर्ने पनि गणित हो। कसरी सामुदायिक विद्यालयलाई थला पार्न सकिन्छ, त्यो पनि गणित हो।

सामुदायिक विद्यालयको सञ्चालक समितिका अध्यक्षले हेडमास्टरसित पानी भराउनु पनि गणित हो। उनले कमिशन खाएर तलब दिनु पनि गणित हो। बेरोजगार पढाकूलाई आफ्नो विद्यालयमा पढाउने मौका दिएर एहसान जताउनु र चार पैसामा ऊ गद्‌गद् हुनु पनि गणित हो।

विद्यार्थी भर्नाको बेला अभिभावकलाई रसभरी वा समोसा खुवाउनु पनि गणित हो। तलब अनुसार अनिच्छाले पढाउनु पनि गणित हो। त्यसरी पढाएका विद्यार्थीले गणितमा लड्डु ल्याउनु पनि गणित हो। के होइन गणित ? त्वमेव माता च पिता त्वमेव सब गणित हो। मैले भन्न नसकेको धेरै कुरा पनि गणित हो। ओली, माधव र देउवाले यही गणित मिलाइरहेका छन्। ओली उज्यालो र प्रचण्ड अँध्यारो देखिनु पनि गणित हो। देउवाले गणित र फलित ज्योतिषीले भनिदिएकोमा आस लगाएर बस्नु पनि गणित हो।

बाबुराम भट्टराईले दिल्लीबाट क्यान्सर झिकेर आए पनि ओलीको गणितमा समावेश हुन चाहिं सकेका छैनन्। कुन्नि के हो तर राजेन्द्र महतोले सय ठक्कर खाए पनि ओलीलाई नै रुचाउने गणितमा लागेका छन्। यसरी त नेकपाको गणित बिग्रनुपर्नेमा जसपाको गणित नै बिग्रन थालेको छ। कस्तो महागणित ? धन्य गणित। जय हो गणित।

रहिमन गणितही राखिये, विन गणितही सब सून।


**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# मृत्युको कारण बन्दै "विलासी जीवन"

काठमाडौं, १८ फागुन/रासस

कुनै बेला अकालमैं मृत्यु हुने रोगको अधिकांश कारण सरुवा रोग थियो । सरुवा रोग नियन्त्रणमा समेत नेपालमा



प्रतीकात्मक तस्वीरः सौजन्य

धेरै बजेट खर्च हुन्थ्यो । गाउँगाउँमा पखाला महामारीको प्रकोप हुन्थ्यो । गाउँमैं हजारौंको एकैपटक मृत्यु भएको समाचार आउँथे ।

आउँ, हैजा, टाइफाइड, टिभी, कुष्ठ, कमलपित्तलगायत सरुवा रोगबाट मर्ने मानिसको सङ्ख्या उल्लेख्य रहेको भएपनि अहिले सरुवा रोगबाट भन्दा नसर्ने रोगबाट धेरै नेपालीको मृत्यु हुने गरेको स्वास्थ्यकर्मीले बताएका छन् ।

सरुवा रोग वातावरणीय सरसफाइबाट सर्ने रोग भएकाले अहिले स्वास्थ्य चेतना वृद्धि हुनु र खोपको विकास हुनाका कारण सर्ने रोगमा कमी आएको स्वास्थ्यकर्मी बताउँछन् । तर 'विलासी जीवनयापन'का कारण अहिले अकालमा मृत्यु हुने नेपालीको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको भन्दै स्वास्थ्यकर्मीले चिन्तासमेत व्यक्त गरेका छन् ।

विलासी जीवनयापन, व्यायामको अभाव, मदिरा तथा धुम्रपान सेवन र आधुनिक खानपानको कारण नै नसर्ने रोगमा वृद्धि भएको डा सरोज रायले बताए । "विलासी जीवनयापनका कारण नसर्ने रोगले मानिसको मृत्युदर बढ्दै गएको सहजै अनुमान लगाउन सकिन्छ, पहिला झाडापखाला, हैजाबाट मृत्यु भएको खबर आउँथे, अहिले एक्कासि हृदयाघातबाट बढी मृत्यु भएको समाचार आउँछ," उनले भने, "विलासी जीवनयापनका कारण कोलेस्ट्रोल, थाइराइड, मुटुको समस्या, उच्च रक्तचाप जस्ता रोगमा वृद्धि भएको छ, जुन अहिलेको अधिक मृत्युको कारण हो ।"

डा रायका अनुसार दैनिक ४५ मिनेट नियमित योग तथा शारीरिक व्यायाम गर्दा नसर्ने रोगहरू हटेर जानेछन् । जङ्क फूड तथा पेयपदार्थ नखाने, घरमैं उत्पादन भएको खानेकुरा खाँदा स्वास्थ्यका लागि फाइदाजनक हुने उनको सुझाव छ ।

पहिला ६० प्रतिशतभन्दा बढी मानिसको अकालमा मृत्यु सरुवा रोगका कारण हुन्थ्यो तर अहिले ६० प्रतिशतभन्दा बढी मृत्युको कारण नसर्ने रोगबाट हुन थालेको छ । यति नै सङ्ख्यामा सर्ने र नसर्ने रोगबाट नेपालीको मृत्यु भएको भन्ने यकीन तथ्याङ्क नभए पनि अहिलेको स्वास्थ्य जटिलता र मृत्युका कारण नसर्ने रोग देखिएको स्वास्थ्यकर्मी बताउँछन् । जसको अप्रत्यक्ष कारण विलासी जीवनशैली हो । शहर बजारमा काम नगरी बस्ने, शारीरिक व्यायाम नगर्ने, सामान्य हिंडाइसमेत नगरेर सवारीसाधनको बढ्दो प्रयोग गर्ने, मध्यपान/धुम्रपान तथा जङ्क फूडको प्रयोग गर्नेलगायत कारण मुटु, फोक्सो, नसा तथा शरीरका अन्य अङ्गमा आक्रमण हुने भएका कारण मानिसको अकालमैं मृत्यु हुने गरेको छ ।

मानिसहरू घरबाट नजीकैको कार्यालय आउँदा सवारीसाधनको प्रयोग गर्ने, खानपानमा ध्यान नदिने, शरीरलाई हानि–नोक्सानी गर्ने खानेकुरा खाने भएकाले यिनै कुरा अप्रत्यक्षरूपमा मानिसको मृत्युका कारण बन्दै गरेको छ ।

दैनिकजसो घरबाहिरका खानेकुरा खाने, व्यायाम नगर्ने गर्दा मुटुरोग, नसा, थाइराइड, कोलेस्ट्रोल जस्ता समस्या देखिन थालेका छन् । १० वर्षअघिसम्म झाडापखाला जस्ता सरुवा रोगका कारण मानिसको मृत्यु हुन्थ्यो, अहिले उच्च रक्तचापका कारण मृत्यु भएको छ, यसैबाट हामीले फरक छुट्याउन सक्छौं, हाम्रो मृत्युको कारण के हो ?"

स्वस्थ रहनका लागि शारीरिक, भावनात्मक, मानसिक र सामाजिक स्वास्थ्य राम्रो हुनुपर्ने स्वास्थ्यकर्मीको भनाइ छ । मानिसहरूले रासायनिकभन्दा आयुर्वेद तथा प्राकृतिक चिकित्सा पद्धतिमार्फत उपचार गराउने प्रवृत्तिको विकास गराउँदै लैजानुपर्ने स्वास्थ्यकर्मीको सुझाव छ ।

# पर्यटक आगमनमा झिनो सुधार

काठमाडौं, १८ फागुन/रासस

सन् २०२१ को फेब्रुअरीमा विदेशी पर्यटकको आगमनमा झिनो सुधार भएको छ । पछिल्लो पर्यटक आगमन दर हेर्दा कोभिड–१९ महामारीकै बीच बिस्तारै विदेशी पर्यटक सङ्ख्या बढेको देखिन्छ ।

सन् २०२१ को पहिलो दुई महीनामा



तस्वीरः फाइल

कुल १८ हजार २० विदेशी पर्यटक नेपाल आएका छन् । अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले जनाए अनुसार जनवरीमा आठ हजार ८४७ र फेब्रुअरीमा नौ हजार १४६ पर्यटक नेपाल आएका हुन् । बोर्डका प्रवक्ता मणि लामिछानेले पछिल्ला महीना पर्यटक आवागमन सुधारात्मक रहेको बताए । कोभिडपछिको पर्यटक आवागमन दरलाई तुलना गर्दा क्रमशः सुधारोन्मुख छ । उनका अनुसार कोभिडपछिको पर्यटक आगमन दर हेर्दा गत नोभेम्बरमा एक हजार ९५६ र डिसेम्बरमा चार हजार २४५ पर्यटक आएका छन् । यो वर्षको जनवरीमा आठ हजार ८७४ र फेब्रुअरीमा नौ हजार १४६ पर्यटक आएका छन् । यो हवाई मार्ग भएर आउने विदेशी पर्यटकको सङ्ख्या हो ।

फेब्रुअरी महीनामा सबैभन्दा बढी भारतबाट चार हजार ७६३ पर्यटक नेपाल आएका छन् । सन् २०२० को फेब्रुअरी महीनामा भारतबाट १४ हजार ८४० पर्यटक आएका थिए । जुन अघिल्लो वर्षको तुलनामा ६७ दशमल नौ प्रतिशत कमी हो । उक्त अवधिमा चीनबाट मात्र ७०८ पर्यटक नेपाल आएका छन् । यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ७७ दशमलव नौ प्रतिशतले कमी हो ।

सन् २०२० को फेब्रुअरीमा तीन हजार २०७ पर्यटक नेपाल आएका थिए । अमेरिकाबाट ५०२ र जर्मनीबाट १२६ पर्यटक आएका छन् । कोभिड महामारी जारी रहे पनि नेपालमा कोभिडविरुद्धको खोप लगाउन शुरू भइसकेको र कोभिडका सङ्क्रमितको सङ्ख्या पनि दिनानुदिन घटिरहेकाले पर्यटक आवागमन वृद्धि हुने व्यवसायीको अपेक्षा छ ।

सरकारले अघिल्लो वर्षको नोभेम्बर १७ तारिखदेखि नेपालमा विदेशी पर्यटक आवागमन खुल्ला गरेको थियो । कोभिड नियन्त्रणका लागि देशभर लागू गरिएको बन्दाबन्दीको करीब आठ महीनापछि नेपालको पर्वतारोहण र पदयात्रा नियमित भएको थियो ।

विदेशी पर्यटकलाई होटल क्वारेन्टिन बस्नुपर्ने बाध्यताका कारण पनि विदेशी कम सङ्ख्यामा आएको व्यवसायीको बुझाइ छ । अनअराइभल भिसाको व्यवस्था गरी क्वारेन्टिनको बाध्यता हटाएको खण्डमा विदेशी पर्यटक बढ्ने सरोकारवालाको बुझाइ छ । नेपालको पर्यटनको मुख्य मौसम मार्च, अप्रिल र मे हो । यो अवधिमा पर्वतारोहण तथा पदयात्राका लागि उल्लेख्य सङ्ख्यामा विदेशी नेपाल आउँछन् । क्वारेन्टिन र अनअराइभल भिसा नभएका कारण आउन चाहने विदेशी पर्यटक पनि आउन नसकेको पर्यटन बोर्ड तथा निजी क्षेत्रका अगुवा संस्थाको बुझाइ छ । नेपाल पर्वतारोहण सङ्घ, होटल एशोसिएशन अफ नेपाल (हान), ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान), नेपाल एशोसिएशन अफ टूर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)लगायत पर्यटन क्षेत्रका अगुवा संस्थाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन

(बाँकी चौथो पातामा)

# ठोरीमा श्रीमद्भागवत महायज्ञ हुने

प्रस, ठोरी, १८ फागुन/

ठोरीस्थित पञ्चेश्वर बहुउद्देश्यीय पण्डित दिनबन्धु पोखरेलको विशेष उपस्थितिमा भएको भेलाले रामबहादुर भूमिलाई पवित्र बनाइ बहुउद्देश्यीय धाम निर्माण गर्ने उद्देश्य रहेको बताइएको छ ।



तस्वीरः प्रतीक

धाममा २०७८ वैशाखमा श्रीमद्भागवत ज्ञान महायज्ञ हुने भएको छ ।

ठोरीको धार्मिकस्थल ठुटे खोलामा भएको मङ्गलवारको भेलाले वैशाख २१ देखि २८ गतेसम्म श्रीमद्भागवत पितृमुक्ति ज्ञान महायज्ञ गर्ने निर्णय गर्नुका साथै सो सम्बन्धमा मूल समारोह समिति गठन गरेको छ । विख्यात कथावाचक खड्काको अध्यक्षतामा महायज्ञ मूल समारोह समिति गठन गरेको छ ।

ज्येष्ठ नागरिक समाजका अध्यक्ष रामबहादुर खड्काको अध्यक्षतामा भएको भेलाले महासचिव प्रकाश खनाललाई सर्वसम्मत चयन गरेको छ । भेलाले ठोरी गाउँपालिकाको २ र ३ वडाको श्मशानघाटस्थलमा महायज्ञ लगाएर सो समितिका अध्यक्ष खड्काले श्रीमद्भागवत ज्ञान महायज्ञ पितृमुक्ति सप्ताह सञ्चालनको लागि विभिन्न उपसमितिहरूको निर्माण गरिने बताए । उनले यसका लागि फागुन २१ गते शुक्रवार भेला डाकिएको बताए ।

आजको भेलामा पण्डित पोखरेलले

(बाँकी पाँचौं पातामा)

# पेट्रोलियम अपचलन गर्ने एक हजार ट्याङ्करमाथि कारवाही

काठमाडौं, १८ फागुन/रासस

नेपाल आयल निगमले पेट्रोलियम



तस्वीरः फाइल

पदार्थको अपचलन गरेको पाइएपछि झन्डै एक हजार बढी ढुवानीकर्तालाई कारबाई गरेको छ । निगमसँगको करार सम्झौतामा सञ्चालनमा रहेका ट्रक तथा ट्याङ्करले लकिङ तथा फिटिङमा कैफियत गरेको पाइएपछि पछिल्लो तीन महीनामा उनीहरूलाई कारबाई गरिएको हो ।

निगमको १ नं प्रादेशिक कार्यालय विराटनगरले तोकिएको मापदण्डभन्दा बढी क्षति गर्ने ५३ ट्रक तथा ट्याङ्करलाई कारबाई गरेको छ । लकिङ तथा फिटिङ चेक गर्दा गलत ढङ्गले पाइपलाइन ट्याङ्कीमा जडान गरिएको पाइएपछि उक्त ट्रकलाई प्रहरी हिरासतमा राखी कारबाई अगाडि बढाइएको १ नं प्रादेशिक कार्यालयले जनाएको छ । ट्याङ्कीको ताला काटिएको अवस्थामा फेला परेका ती ट्याङ्करलाई तीन महीनाका लागि पेट्रोलियम पदार्थको आपूर्तिमा रोक लगाइएको छ ।

यस्तै, पछिल्लो तीन महीनामा २ नं प्रादेशिक कार्यालयले पनि १५० वटा ट्रक तथा ट्याङ्करलाई कारबाई गरेको जनाएको छ । कार्यालयका अनुसार उनीहरूलाई १५ दिनसम्मका लागि ढुवानीमा निलम्बन गरिएको छ । निगमकै इतिहासमा यो सबैभन्दा ठूलो कारबाई भएको बताइएको छ ।

कार्यालयले पाँचजना चालक/सहचालकलाई कालोबजारी मुद्दा दायर गरी आजीवन निगमको कुनै पनि डिपोमा प्रवेश गर्न नपाउने गरी निषेध गरेको छ । अनुगमनको क्रममा मिसावट र चोरी गरेको भेटिएपछि पाँच ट्याङ्करलाई ६ महीनाको लागि ढुवानी गर्न निलम्बन गरिएको छ । निगमले पछिल्लो तीन महीनामा अनियमितता गर्ने ३०० ट्याङ्कर तथा ट्रकलाई कारबाई गरेको छ । निगमले जरिवानाबापत ती ट्रक तथा ट्याङ्करबाट रु १० हजार सङ्कलन गरेको छ ।

महाप्रबन्धक सुरेन्द्रकुमार पौडेलले निगम सुधारको रणनीति योजना अन्तर्गत रहेर कालोबजारीमाथि कारबाहीको प्रक्रिया अगाडि बढाइएको बताए । "निगमको कदमले गैरकानूनी काम गर्ने निरुत्साहित हुनेछन्, यो निगमकै इतिहासमा एक महत्त्वपूर्ण कारबाई हो," उनले भने । अनियमितता गर्ने ट्याङ्करमाथि कारबाई गरेसँगै पेट्रोलियम पदार्थको चोरी र मिसावट नियन्त्रणमा आउने निगमले जनाएको छ ।

# सौर्य प्लान्टबाट जोडियो १० मेगावाट विद्युत केन्द्रीय प्रसारणमा

त्रिशूली, १८ फागुन/रासस

नुवाकोटमा निर्माण भइरहेको २५ मेगावाट क्षमताको मुलुककै ठूलो सौर्य प्लान्टबाट १० मेगावाट विद्युत् उत्पादन थालिएको छ । परीक्षणका रूपमा गत जेठमा १.२५ मेगावाट विद्युत् उत्पादन भएकामा अहिले थप ८.७५ मेगावाट विद्युत् उत्पादन थालिएको आयोजना प्रमुख विकास रघुवंशीले जानकारी दिए । आयोजनाको पछिल्लो प्रगति बुझ्न सोमवार स्थलगत अवलोकनमा आएका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हाल आयोजनाबाट १० मेगावाट विद्युत् उत्पादन गरेर केन्द्रीय प्रसारण प्रणालीमा जडान शुरू गरेको र उक्त परीक्षण सफल भइरहेको जानकारी आयोजना प्रमुख रघुवंशीले गराए ।

आयोजनामा रहेका सातवटा ब्लकमध्ये स्टाफ क्वार्टर (विद्युत् प्राधिकरणमार्फत सञ्चालित बोर्डिङ स्कूल रहेको स्थान) र फोर–वे (नेपाली सेनाको ब्यारेकपछाडिको चौर)मा जडान गरिएको सौर्य प्यानलमार्फत १० मेगावाट विद्युत् उत्पादन थालिएको छ । उक्त विद्युत् देवीघाट जलविद्युत् केन्द्रको प्रसारण प्रणालीमार्फत सीधैं राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

आयोजनाले २५ मेगावाट विद्युत् उत्पादनका लागि देवीघाट जलविद्युत् केन्द्रको विभिन्न सात स्थानको खाली जग्गा उपयोगमा ल्याउने क्रममा अबको केही दिनमा थप पाँच मेगावाट विद्युत् उत्पादन गर्ने तयारी अन्तिम चरणमा पुऱ्याएको जनाएको छ ।

थप विद्युत् उत्पादनका लागि विदुर नगरपालिका–६ र १२ नं मा पर्ने रातमाटे, केराघारी, हेलिप्याड र कफीघारीको



प्रतीकात्मक तस्वीरः सौजन्य

स्थान नं १ र स्थान नं २ गरेर थप पाँच स्थानमा अहिले जग्गा सम्याउनेदेखि प्यानल जडानको काम भइरहेको छ ।

त्यस अन्तर्गत रातमाटे, केराघारी र हेलिप्याड क्षेत्रको काम अन्तिम चरणमा पुऱ्याइएको एक महीनाभित्रै पाँच मेगावाट विद्युत् थप हुने देखिएको छ । उक्त थप विद्युत् चाँडो गरेर राष्ट्रिय प्रसारण प्रणालीमा जडान गर्न प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले निर्देशन दिए । "यो वर्ष हिउँदमा वर्षा नहुँदा नदी तथा खोलामा पानीको बहाव निकै कम भएको छ । यसले विद्युत् सङ्कट बढाउन सक्ने देखिन्छ," उनले भने, "अभाव पूरा गर्नका लागि वैकल्पिक योजनाका रूपमा रहेको सौर्य प्लान्ट जतिसक्दो चाँडो सञ्चालन गर्नतर्फ लाग्नुपर्छ ।"

दुई चरण अन्तर्गत थप ६ महीनाभित्र आयोजना पूरा गरेर विद्युत् उत्पादन शुरू गर्ने लक्ष्य भएकाले त्यसलाई पूरा गर्न सकिने आयोजना प्रमुख रघुवंशीले प्रतिबद्धता जनाए । नेपालकै ठूलो सौर्य प्लान्टका रूपमा निर्माण भइरहेको 'ग्रिड सोलार आयोजना' नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा निर्माण थालिएको हो ।

विश्व बैंकको ग्रिड सोलार तथा ऊर्जा दक्षता परियोजनामार्फत सहुलियतपूर्ण ऋण सहयोगमा थालिएको आयोजनाको निर्माण चिनियाँ कम्पनी 'राइजन इनर्जी' मार्फत काम भइरहेको छ । करीब रु तीन अर्ब ८० करोड लाग्ने प्रक्षेपण गरिएकाले यस आयोजना विद्युत् उत्पादनका लागि महँगो भएपनि विद्युत् उत्पादनको वैकल्पिक स्रोत र नमूनाका रूपमा लिइएको प्राधिकरणले जनाएको छ ।

खेर जाँदै आएको सौर्य ऊर्जा सङ्कलन गरेर प्राधिकरणको प्रयोगविहीन (खाली रहेको) जग्गामा सञ्चालन हुने आयोजनाको लगानी, प्रयोग र विद्युत् उत्पादनमा देशकै 'नमूना'का रूपमा लिइएकाले यसलाई नाफा नोक्सानको रूपमा लिन नहुने प्राधिकरणले जनाएको छ । प्राविधिकहरूका अनुसार आयोजनाबाट २५ मेगावाट विद्युत् भएपनि डिसी (डाइरेक्ट करेन्ट)बाट एसी (अल्टरनेट करेन्ट)मा रूपान्तरण गर्दा प्रयोगयुक्त विद्युत् करीब २२ मेगावाट हुने देखिन्छ ।

सौर्य प्लान्टको डिजाइन, आपूर्ति, निर्माण, सञ्चालन र मर्मतसम्भारको सम्पूर्ण काम निर्माण व्यवसायीले पाँच वर्षसम्म गर्ने सम्झौता उल्लेख भए अनुसार आयोजनाको हस्तान्तरण त्यसपछि मात्र नेपाल विद्युत् प्राधिरकणलाई हुनेछ । प्लान्टबाट उत्पादित विद्युत् हाल देवीघाट जलविद्युत् केन्द्रमार्फत उत्पादन भएको विद्युत् केन्द्रीय प्रसारण प्रणालीमा जोडिएको प्रसारण लाइनबाटै पठाइएको छ ।

सौर्य प्लान्ट आयोजनाको आफ्नै ६६ केभी क्षमताको सबस्टेशन निर्माणको प्रक्रियामा छ । सौर्य प्लान्ट सञ्चालनमा आएपछि राष्ट्रिय प्रसारणमा वार्षिक रु तीन करोड ३० लाख युनिट विद्युत् थप हुने प्राधिकरणको अनुमानित लक्ष्य छ ।

१ - परिशिष्ट

**स्थानीय उपचारमा प्रयुक्त हुने औषधि**

(१) हरिद्रा (२) अपामार्ग (३) घृतकुमारी (४) नीम (५) लसुन।

प्रस्तुत चिकित्सा विधानमा उपरोक्त औषधिलाई मात्र स्थानीय उपचार–बाह्य लेप आदिको रूपमा प्रयुक्त गर्न निर्धारण गरिएको छ। यी सबैको संस्थानिक प्रभाव पनि छ, जुन मुखमार्गबाट ग्रहण गर्दा आआफ्नो प्रभाव देखाउँछ। यसमध्ये नीमलाई रक्तशोधकको नाताले २० औषधिमा पनि लिइन्छ। तर शेष चारलाई मात्र बाह्य प्रयोगको चर्चा यहाँ गरिंदैछ। मुखमार्गबाट हुने प्रभावलाई अवैज्ञानिक अथवा अनुपयुक्त ठहर गर्न सकिंदैन, यसलाई स्पष्ट बुझ्नुपर्छ। यी औषधिको संक्षिप्त विवेचन यहाँ प्रस्तुत गरिएको छ।

**(१) हरिद्रा (कुरकुमा लाङ्गा)** यसले शरीरको वर्ण ठीक गर्ने भएकोले हरिद्रा नाम दिइएको हो। (हरि वर्ण प्राप्ति संशोधयतीति–हरिद्रा)। बेसारको फसल ९–१० मासमा तयार हुन्छ। जब तलको पात सुकेर पहेंलो हुन्छ, तब कन्द खनेर पृथक गरिन्छ। यी सुकेका कन्दलाई एक वर्षसम्म प्रयोग गर्न सकिन्छ।

भाव प्रकाश निघण्टुका अनुसार बाह्य प्रयोग गर्दा हरिद्राले त्वचा दोष निवारण गर्छ। श्री नादकर्णीले बेसारको

# जडीबुटीद्वारा स्वास्थ्य संरक्षण

चूर्ण पेस्ट, मलम, तेल, लोशन तथा धूवाँलाई नाकको मार्गबाट ग्रहण गर्ने गरी वर्णन गरिएको छ। उनका अनुसार ताजा बेसारको स्वरस व्रणाहरू, नील (ब्रुसेज), कीरा आदिले टोकेको स्थानमा लगाउँदा तुरुन्त लाभ हुन्छ।

**जीवेम शरदः शतम्**

यस सम्बन्धमा वैज्ञानिकसँग अब प्रचुर मात्रामा भैषजीय प्रमाण छ। श्री त्रिपाठी इन्डियन जनरल अफ फार्मेकोलोजी (५/२६०/१९७३) अनुसार यो सुजनको लागि उत्तरदायी प्रोटिएस एन्जाइमको सक्रियतालाई कम

**युनानीमा यसलाई जर्द चोब नामले चिनिन्छ। यसलाई वर्ण प्रसाधन तथा चोट आदिमा लाभकारी मानिएको छ। रासायनिक संरचनाको दृष्टिले बेसारको मुख्य कार्यशील घटक कुरकुमिन नामक यौगिक, सुगन्धित तेल टरमेरिक ओइल तथा टर्पिनाइड नामक पदार्थ हुन्।**

दूषित रक्तको कारण छाला रोगमा यसको बाह्य प्रयोग लाभकारी मानिन्छ। दाह–जलन आदिमा बेसार–चुना लगाउने घरेलु उपचार सबैलाई थाहा छ।

युनानीमा यसलाई जर्द चोब नामले चिनिन्छ। यसलाई वर्ण प्रसाधन तथा चोट आदिमा लाभकारी मानिएको छ। रासायनिक संरचनाको दृष्टिले बेसारको मुख्य कार्यशील घटक कुरकुमिन नामक यौगिक, सुगन्धित तेल टरमेरिक ओइल तथा टर्पिनाइड नामक पदार्थ हुन्।

बेसार छालाको चोट अथवा व्रणको कारण हुने सुजनमा किन लाभ गर्छ, गर्छ। यो एन्जाइम हो– ट्रिप्सिन एवं हायएल्युरोसिडेस। यसैको माध्यमबाट कुनै स्थान विशेषमा सुजन अथवा पीडाको स्थिति बन्छ। बेसारको उडनशील तेलमा एन्टि हिस्टेमिनिक (एलर्जी प्रतिरोधी) गुण पाइन्छ। डा श्रीमाली (इन्डियन जनरल अफ फार्मेकोलोजी ३, १०, १९७१)का अनुसार बेसारको रञ्जक पदार्थ कुरकुमिनले पनि शोथ उतार्ने गुण राख्छ। हरिद्रामा कैयौं प्रकारका जीवाणु नष्ट गर्ने वा त्यसको विषलाई निष्प्रभावी गर्ने सामर्थ्य हुन्छ। यसले ग्राम पोजिटिभ र नेगेटिभ दुवै प्रकारका जीवाणुको नाश गर्छ। जीवाणु कैयौं प्रकार कवक बनाएर औषधिको लागि पनि दुष्कर सिद्ध हुन्छ। यस्तो स्थितिमा हरिद्रास्थित उत्पत् तेल कवकलाई भेदेर जीवाणुको व्रणलाई मार्ने क्षमता राख्छ।

बेसारको व्यवहारमा शोथ, चोट, मोच एवं अस्थि भग्न, व्रणलाई पकाउन, व्रण शोधन गर्न, अर्बुद–कारबंकल आदिमा पसलाई निकालेर बाहिर गर्नको लागि तातो लेप, सेंक, पुल्टिस, मलहम आदिको रूपमा प्रयुक्त गरिन्छ। यसको अतिरिक्त पिसेको बेसार तिलको तेलमा मिलाएर मर्दन गर्नाले चर्मरोगमा लाभ पुऱ्याउँछ। कुष्ठरोगमा पनि यसको स्थानीय प्रयोगबाट घाउ चाँडै निको हुन्छ तथा रोगको समूल नष्ट हुने सम्भावना बढ्छ। कण्डू रोग (स्केबिज)मा यसको पेस्टको लेप चिलाउनेलाई मेटाउँछ। चिकेनपक्समा बेसारको चूर्ण लगाउँदा पाप्रा सजिलै उप्किन्छ तथा वर्ण सुधार्छ। हर्पीज जोस्टर तथा पेम्फीगस जस्ता असाध्य त्वचा व्याधिमा बेसारलाई सरसोको तेलसँग लगाउँदा चाँडै आराम पाइन्छ, यस्तो डा नादकर्णीको अनुभव हो। बिच्छीदंशमा पनि बेसारको टुक्रा स्थानीय उपचारको रूपमा अथवा चूर्णको धूम्र दिंदा लाभ हुन्छ। आँखा सुन्निनु, लाली, दुखाइमा ३० ग्राम कुल्चिएको बेसार लगभग आधा लिटर जलमा क्वाथ बनाएर आँखा धुनुपर्छ।

# काठ तस्करमा संलग्न एकजनासहित काठ, आरा नियन्त्रणमा

प्रस, निजगढ, १८ फागुन/

निजगढ नगरपालिका–१ भरतगंजसिगौलमा मङ्गलवार अवैध काठ, आरासहित एकजना काठ तस्करलाई वन कर्मचारीले नियन्त्रणमा लिन सफल भएको छ।

पक्राउ पर्नेमा रौतहट गुजरा नगरपालिका–२ बस्ने वर्ष ४२ को मेहीलाल चौधरी रहेको डिभिजन वन कार्यालय सिमराले जनाएको छ। निजगढ नपा–१ भरतगंजसिगौलस्थित धन्सार खोलानजीकैको वनक्षेत्र चिहान डाँडा आसपासको झाडी, बुट्यानमा लुकीछिपी अवैध काठ चिरान गरिरहेको अवस्थामा ६ जनामध्ये एकजना मात्र नियन्त्रणमा लिन सफल भएको निजगढ सबडिभिजन वन कार्यालय भमराका प्रमुख एवं सहायक वन अधिकृत रघुनाथ दासले बताए।

चिरान गर्न तयारी पारिएको अवस्थामा एक थान सालको हरियो गोलिया, चिरान काठसहित करीब ३० क्यूफिट काठ, ३ थान हाते आरा नियन्त्रणमा लिएको जनाएको छ। नियन्त्रणमा लिएको चौधरीलाई थप अनुसन्धान थालिएको र फरार पाँचजनाको पनि पहिचान गरी खोजी गरिने डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले बताए।

घटनास्थलको प्रकृति हेर्दा पटक–पटक काठ चिरान गर्ने थलोको रूपमा देखिएको वन कर्मचारीले बताउँदै विशेष सूचनाको आधारमा मान्छे र काठ नियन्त्रणमा लिन सफल भएको जनाएको छ।

छिमेकी जिल्ला रौतहटको वनक्षेत्रबाट रूख ढाल्दै बाराको भरतगंजसिगौलमा ल्याइ चिरान गर्ने र बिक्री गर्ने गरेको यसअघिका घटनाहरूले समेत पुष्टि गर्दै आइरहेको छ। थप सुरक्षा सहयोगका लागि इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक विकास थपलियाको टोली घटनास्थल पुगेको थियो।


तस्वीरः प्रतीक

# निजगढमा माझी समुदायको लदी (नदी) पूजा सम्पन्न

प्रस, निजगढ, १८ फागुन/

निजगढ नगरपालिकामा रहेका माझी समुदायहरूले मङ्गलवार निजगढमा लही (नदी) पूजा गरेका छन्। लही (नदी) पूजा मूल समारोह समिति निजगढले कार्यक्रमको आयोजना गरी शुभकामना आदानप्रदानसमेत गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि निजगढ नगरप्रमुख सुरेशकुमार खनालले मन्तव्य राख्दै माझी समुदायको महान् चाड लदी पूजा आफ्नो जातीय पहिचान तथा धर्म संस्कृति अनुसार मनाइने चाडपर्व भएकोले यसको संरक्षण, जर्गेना गर्ने दायित्व माझी समुदायहरूका साथै स्थानीय तहको पनि रहेको बताए। बर्सेनि आउने चाडपर्वलाई आआफ्नो धर्म, संस्कृति, रीतिरिवाज अनुसार मनाउने कार्यलाई निरन्तरता दिनसमेत उनले आग्रह गरे।

कार्यक्रमका विशिष्ट अतिथि निजगढ नगरकी उपप्रमुख लीलादेवी लामिछानेले निजगढ नगरमा अन्य जातिको तुलनामा माझी समुदायको सङ्ख्या न्यून रहे पनि आफ्नो रीतिरिवाज, धर्म–संस्कृतिलाई जर्गेना गर्दै आइरहेको बताइन्। अन्य जातिहरूको तुलनामा माझी जाति पिछडिएको समुदायमा पर्ने भएकोले उनीहरूको उत्थानका लागि निजगढ नगरपालिकाले पनि योजना बनाएर निरन्तर पहल गर्नुपर्ने धारणा उनले राखिन्।



तस्वीरः प्रतीक

कार्यक्रमका अर्का विशिष्ट अतिथि सुकुमबासी समस्या समाधान आयोग बाराका अध्यक्ष अम्बिकाप्रसाद चौलागाईंले माझी समुदाय खोला किनार नजीकैको भूभागमा बस्ने गरेकाले अधिकांश भूमिहीन रहेकाले राज्यले उनीहरूका बारेमा पनि विशेष सम्बोधन गरी निजी भूमिको व्यवस्था गर्नुपर्ने बताए। "जबसम्म पिछडिएका नागरिकहरूको राज्यबाट बेलैमा उचित सम्बोधन हुँदैन, तबसम्म समाज, नगर, राज्य समुन्नत बन्न सक्दैन," उनले भने।

कार्यक्रममा समाजसेवी सावित्री भारती, नेपाल माझी उत्थान निजगढ नगर कमिटी अध्यक्ष प्रकाश कुश्वार माझीलगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा स्वागत मीना कुमाल माझीले गरेकी थिइन्। नेपाल माझी उत्थान सङ्घ बाराका अध्यक्ष एवं कार्यक्रम संयोजक रामबहादुर माझीको अध्यक्षतामा भएको सो कार्यक्रमको सञ्चालन सन्तकुमारी माझीले गरेकी थिइन्।

## पर्यटक आगमनमा.....

विभाग, बोर्डलगायतको ध्यानाकर्षण गराउँदै आएका छन्। व्यवसायीले होटल क्वारेन्टिन हटाएर अनअराइभल भिसाको व्यवस्था गर्न माग गरेका छन्।

पर्यटकका लागि व्यवस्था गरिएको स्वास्थ्य मापदण्डले मुख्य पर्यटकीय मौसममा पनि विदेशी पर्यटक नआउने हुन् कि भन्नेमा व्यवसायी चिन्तित छन्। पर्यटन व्यवसायी राजेन्द्रप्रसाद सापकोटाले विदेशी पर्यटकका लागि हालको व्यवस्थामा सुधार गरेको खण्डमा आगामी दिनमा पर्यटक बढ्ने बताए। पिसिआर नेगेटिभ लिएर आउने पर्यटकलाई नेपालमा निर्बाधरूपमा घुम्न दिने वातावरण बनाइनुपर्नेमा उनले जोड दिए।

पर्यटन व्यवसायी राजन सिम्खडा पनि कोभिडको खोप लगाएर आउने पर्यटकलाई क्वारेन्टिन नबस्नुपर्ने व्यवस्था गरिए पर्यटक आगमन सहज हुने बताउँछन्। अहिले पर्यटकका लागि रहेको स्वास्थ्य मापदण्ड खुकुलो नबनाइए आउने मौसममा पनि पर्यटक भित्र्याउन कठिन हुने उनको तर्क छ।

हानका प्रथम उपाध्यक्ष विनायक शाहले विदेशी पर्यटकका लागि कायम गरिएको विद्यमान स्वास्थ्य मापदण्डलाई परिमार्जन गरी आगमन सहज तुल्याउन सके पर्यटक बढ्ने विश्वास व्यक्त गरे। हालकै अवस्थामा पनि विदेशी पर्यटक क्रमशः बढ्नुले नेपालको पर्यटन बिस्तारै लयमा फर्किने अवस्थामा छ।

तथापि पूर्वाधार विकास, सेवा स्तरीकरण र प्रवर्द्धनका कामलाई अझ प्रभावकारी बनाइनु जरुरी छ। पर्यटन प्रवर्द्धनका लागि बोर्डले पनि अहिले विभिन्न माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा पर्यटन प्रवर्द्धन कार्यलाई तीव्रता दिएको छ। सन् २०२० मा दुई लाख ३० हजार ८५ विदेशी पर्यटक नेपाल आएका थिए।

## फरक समाचार

# लामो उमेरको रहस्य

अमेरिकी वैज्ञानिकले लामो उमेरको रहस्य बताएका छन्। वैज्ञानिकका अनुसार लामो उमेर बाँच्न चाहनेले प्रतिदिन १६० ग्राम फल र २४० ग्राम तरकारी खानामा सामेल गर्नुपर्छ। सातामा ५ दिनसम्म यस्तो दिनचर्या अपनाउँदा असर देखिन्छ।



संसारभरि २० लाख व्यक्तिमाथि गरिएको अनुसन्धानले यो साबित गरेको छ कि जसको खानपानमा यो बदलाव गरिएको छ, उनीहरूमा मृत्युको खतरा कम भएको छ। अनुसन्धानले भन्छ, फल–तरकारीले उमेर लामो बढाउनुका साथै मुटुको रोग र क्यान्सरको खतरा पनि कम गर्छ।

अमेरिकन हार्ट एशोसिएशनको फ्लैगशिप जर्नल सर्कुलेशनमा प्रकाशित अनुसन्धानले भनेको छ, केही यस्ता तरकारी पनि हुन्छन्, जुन स्वास्थ्यको लागि बढी फाइदाजनक हुँदैन, जस्तै आलु र कर्न, यसमा स्टार्च बढी पाइन्छ।

पछिल्लो २० वर्षदेखि विश्व स्वास्थ्य सङ्गठनको सल्लाहमा ब्रिटेनको हेल्थ एजेन्सी नेशनल हेल्थ सर्भिसेजले सर्वसाधारणलाई स्वस्थ रहन यही सन्देश दिंदै छन्। डाइटमा फल–तरकारी सामेल गर्न र चिनी–चिल्लो कम गर्न भनिएको छ।

अमेरिकी हेल्थ एजेन्सीको भनाइ छ, अमेरिकामा हरेक १० मध्ये एकजनाले मात्र पर्याप्त फल र तरकारी खाइरहेका छन्। ब्रिटेनमा मात्र १७ प्रतिशत आबादीले यस्तो डाइट रुटिन अपनाउँदै छन्। वैज्ञानिकको भनाइ छ, स्वस्थ डाइट लिनेहरूको तथ्याङ्क कम छ। बिमारी घटाउनु छ र लामो उमेर चाहिन्छ भने थालमा फल–तरकारीको मात्रा बढाउनुपर्छ।

अनुसन्धान अनुसार खानपानमा पालुङ्गो, बथुआ जस्ता तरकारी र गाजर सामेल गर्नुपर्छ। यसको अलावा भिटामिन सी भएका फल जस्तै सुन्तला, मौसमीले बढी असर देखाउँछ। यसको जूसभन्दा फलमा बढी फाइबर हुन्छ। जूसको रूपमा लिंदा ब्लड सुगर बढ्न सक्छ। तसर्थ सामान्य तरीकाले नै खानुपर्छ।

# कोरोनाको एउटा खोप नै पर्याप्त

दुईवटा नयाँ अध्ययन अनुसार कोरोनाबाट सङ्क्रमित भइसकेका व्यक्तिले पनि खोप लगाउनुपर्छ।





अनुसन्धान अनुसार सङ्क्रमणपछि स्वस्थ भएका व्यक्तिको शरीरमा एन्टिबडी उत्पन्न गर्नको लागि खोपको एउटा मात्रा नै पर्याप्त हुन्छ। टोरेन्टो विश्वविद्यालयमा इम्युनोलोजिस्ट जेनिफर गोमरमैनको भनाइ छ, कोभिड–१९ बाट सङ्क्रमित भइसकेका व्यक्तिले पनि आफ्नो स्वास्थ्य बचाउनुपर्छ। तर यस्ता व्यक्तिको लागि खोपको एउटा डोज नै पर्याप्त हुन्छ।

नयाँ अध्ययनमा सङ्क्रमित व्यक्तिको रगतको नमूना विश्लेषण गरिएको थियो। उनीहरूको इम्युन सिस्टममा दक्षिण अफ्रिकामा सबैभन्दा पहिले प्रकाशमा आएको कोरोना भाइरसको नयाँ स्ट्रेन– बी १३५१ बाट जोगिन दुःख हुन सक्छ। तर फाइजर बायोएनटेक वा मोडर्ना खोपको एउटा डोजले तस्वीर बदलिदिएको छ। अध्ययनको नेतृत्व गर्ने फ्रेड हचिंसन क्यान्सर रिसर्च सेन्टर, सिएटलमा इम्युनोलोजिस्ट एन्ड्रयू मेगायर भन्छन्, खोपबाट उनीहरूको रगतमा एन्टिबडी हजारौं गुणा बढेको थियो। खोपले नयाँ स्ट्रेनको अलावा कोरोना भाइरसलाई पनि बेअसर गर्न सक्छ। न्यूयोर्क युनिभर्सिटीमा शोधकर्ताले एउटा अन्य अनुसन्धानमा देखे कि कोभिडबाट सङ्क्रमित भइसकेका व्यक्तिलाई खोपको दोस्रो डोज दिंदा पनि बढी फाइदा पुगेन। भाइरसबाट ८ वा ९ महीना पहिले पीडित व्यक्तिमा खोपको पहिलो डोज दिंदा एन्टिबडीको स्तर सयौंदेखि हजारौं गुनासम्म बढेको थियो। अर्को खोपपछि एन्टिबडीको स्तरमा कुनै बढोत्तरी भएन।

# चम्किलो झरना 'फायरफल'

अमेरिकाको योसेमाइट भ्यालीमा रहेको फायरफल भनिने चम्किलो सुनौलो रङ्गको झरना यतिबेला सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। केहीले यसलाई झरनाबाट खसिरहेको लावा बताउँदै छन्। नेशनल पार्क सर्भिस अनुसार यस्तो फेब्रुअरीमा भएको थियो। फेब्रुअरीको अन्तिम सातामा झरनामा परेको सूर्यको प्रकाशको कारण चम्किलो सुनौलो रङ्गको देखिएको थियो।



योसेमाइट भ्यालीमा रहेको २ हजार फुट अग्लो झरना हेर्न थुप्रै पर्यटक आउने गर्छन्। यसले गर्दा यहाँको चट्टानलाई नोक्सान हुँदैछ। यहाँ पर्यटकहरूको सङ्ख्या सीमित गरिएको छ। यो झरना जाडो र वसन्तको मौसममा हेर्न लायकको हुन्छ। यदि मौसम सही भयो भने सूर्यको किरण झरनामाथि पर्छ भने सुनौलो रङ्गको देखिन्छ। यो झरना हेर्ने उपयुक्त समय साँझको हुन्छ किनभने यतिबेला आकाश सफा हुन्छ। तर यदि आकाशमा केही बादल छ र सूर्यको किरण पर्दैन भने सुनौलो रङ्गको झरना हेर्न पाइँदैन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अपहरणमा परेका नाइजेरियाका २७९ छात्रा रिहा

गुसौ, नाइजेरिया, १८ फागुन/एएफपी

अपहरणमा परेका नाइजेरियाका



अपहरणमुक्त छात्राहरू । तस्वीरः एजेन्सी

छात्राहरू मुक्त भएका छन् ।

देशको उत्तरी क्षेत्रमा रहेको निजी विद्यालयबाट अपहरणमा परेका सबै २७९ जना रिहा भएका हुन्। अपहरणमा परेका सबैजना छात्रा रहेको जनाइएको छ ।

उनीहरूलाई सरकारी संरक्षणमा राखिएका सरकारी अधिकारीहरूले मङ्गलवार एएफपीलाई जानकारी दिएका छन् ।

“अपहरणमा परेका बालिका मुक्त भएको थाहा पाउँदा अन्त्यन्त खुशी लागेको छ,” जाम्फारा राज्यका गभर्नर डा बेलो मतावाले भने ।

उनले बालिकाहरू सकुशल फर्किनुमा अल्लाहको आर्शीवाद रहेको पनि बताए। नाइजेरियामा बालिका अपहरणका घटनाहरू लामो समयदेखि हुँदै आएको छ ।

अधिकारीहरूले यसअघि सयौंको सङ्ख्यामा आएका बन्धुकधारीहरूले दुर्गम जान्गेबे गाउँमा रहेको एक माध्यमिक विद्यालयबाट ३१७ जना बालिका अपहरण गरेको बताएका थिए । तर पछि यो सङ्ख्या २७९ रहेको जानकारी दिइएको थियो ।

भारी मात्रामा हातहतियारसहितका आपराधिक समूहले उत्तरपश्चिम र मध्य नाइजेरियामा हालैका वर्षहरूमा निकै उपद्रो मच्चाइरहेका छन् । उनीहरूले मानिसहरूलाई फिरौतीका लागि अपहरण गर्ने, बलात्कार गर्ने तथा लुटपाट गर्ने गरेका छन् ।

नाइजेरियाको सेनाले यस क्षेत्रमा सन् २०१६ देखि कारबाई गरिरहेको छ र सन् २०१९ मा बन्दुकधारीहरूसँग शान्ति सम्झौता पनि गरिएको थियो तर आक्रमणका घटना रोकिएका छैनन् ।

गत डिसेम्बरमा कन्काराको एक विद्यालयबाट ३०० भन्दा बढी बालक अपहरण गरिएको थियो । यो क्षेत्र राष्ट्रपति मुहम्मदु बुहारीको गृहराज्य काट्सिनामैं रहेको छ । तर पछि ती बालकलाई अपहरणकारीले मुक्त गरेका थिए ।

तर चिबोकबाट जिहादी समूहले गरेको २७६ जना स्कूले बालिकाको अपहरण भने निकै डरलाग्दो थियो । सरकारी फौजको व्यापक कारबाईपछि केहीलाई जिहादी समूहले मुक्त गरे पनि अझै पनि केही बालबालिका बेपत्ता छन् ।

लेगोसस्थित अनुसन्धान संस्था एसबी मार्गनका अनुसार सन् २०१६ को जनवरीदेखि मार्च २०२० को अवधिमा मात्र अपहरणकारीलाई एक करोड १० लाख डलर फिरौती बुझाइएको छ ।

इन्टरनेशनल क्राइसिस ग्रुपको अर्को अध्ययन अनुसार विद्यालयमा सुरक्षा खतरा रहेको भन्दै यस अफ्रिकी क्षेत्रमैं विद्यालय नजाने बालबालिकाको सङ्ख्या विश्वमैं सबैभन्दा बढी छ । रासस

## चीनमा २५० नयाँ अर्बपति थपिए

बेइजिङ, १८ फागुन/एएफपी

शेयर बजारमा उछाल आएसँगै चीनमा गत वर्ष सन् २०२० मा २०० भन्दा बढी नयाँ अर्बपति थपिएका छन् ।

विश्वका धनाढ्यका बारेमा अध्ययन गर्ने हुरुन ग्लोबल रिच लिस्टले मङ्गलवार सार्वजनिक गरेको सूचीमा चीनमा विगत पाँच वर्षको अवधिमा अर्बपतिको सङ्ख्या दोब्बरले बढेको उल्लेख छ । विश्वमैं दोस्रो ठूलो अर्थतन्त्र रहेको चीनले पछिल्ला केही वर्षदेखि विकासमा तीव्ररूपमा फड्को मारेको छ ।

विश्वका अधिकांश मुलुकमा कोरोना भाइरस महामारीले अर्थतन्त्रमा गम्भीर असर पारे पनि चीनले कोरोना भाइरसलाई समयमैं नाटकीयरूपमा नियन्त्रण गरेपछि सन् २०२० मा पनि राम्रो प्रगति गरेको छ ।

हुरुनका अनुसार सन् २०२० मा २५९ जना अर्ब डलरको सूचीमा प्रवेश गरेका छन् । चीनमा योसहित कुल अर्बपतिको सङ्ख्या १ हजार ५८ पुगेको छ। विश्वमैं अर्बपतिको एक हजारको सङ्ख्या पार गर्ने चीन पहिलो मुलुक पनि भएको छ।

तुलनात्मकरूपमा दोस्रो राम्रो प्रगति गर्ने मुलुक अमेरिकामा ७० जना नयाँ अर्बपतिको उदय भएको छ । योसहित अमेरिकामा कुल अर्बपतिको सङ्ख्या ६९६ पुगेको छ ।

चीनमा पानीको व्यापार गर्ने नोङ्फुका संस्थापक झोङ शानशानको सम्पत्ति ८५ अर्ब डलर पुगेको छ । विगतमा निर्माण कार्यमा संलग्न झोङले गत वर्ष हङकङमा प्राथमिक शेयर (आइपिओ) जारी गरेर ११ अर्ब डलर नगद सङ्कलन गर्न सक्षम भएको थियो ।

एकै वर्ष तीन व्यक्तिले ५० अर्ब डलरभन्दा बढी सम्पत्ति जुटाएका छन् । सर्भेका अनुसार टेस्लाका एलन मस्क, अमेजनका जेफ बेजोस र पिन्डुओडुका कोलिन हुआङको सम्पत्ति ५० अर्ब डलरले बढेको छ ।

समग्रमा, चीनले विश्वमैं सम्पत्ति सिर्जना गर्नेतर्फ अग्रस्थान बनाइरहेको छ। हुरुनका अनुसार विगत पाँच वर्षको अवधिमा चीनले ४९० जना नयाँ अर्बपति जन्माएको छ भने अमेरिकाले १६० जना थपेको छ ।

हुरुन प्रतिवेदनका अध्यक्ष रूपर्ट हुगवर्फले कोरोना भाइरसको महामारी भएपनि गत वर्ष एक दशकयता केही व्यक्तिले सबैभन्दा बढी आम्दानी गर्न सफल भएको बताए ।

यसको मुख्य कारण शेयर बजारमा नयाँ कम्पनीको सूचीकरण र शेयर बजारमा आएको उछाल मुख्यरूपमा जिम्मेवार छ ।

उनले भने, सम्भवतः विगत १०० वर्षमा एशियाले बाँकी विश्वको भन्दा बढी अर्बपति सिर्जना गरेको छ ।

सबैभन्दा बढी अर्बपति पनि अहिले चिनियाँ शहरमा रहेको सर्भेले देखाएको छ। अर्बपति रहेबसेका विश्वका उत्कृष्ट १० शहरमध्ये छवटा शहर चीनमैं छन् । विगत ६ वर्षदेखि लगातार बेइजिङ पहिलो स्थानमा छ । रासस

## तेलको मूल्यवृद्धिसँगै ओपेक मुलुकबीच तनाव बढ्यो

लन्डन, १८ फागुन /एएफपी

विश्वका प्रमुख तेल उत्पादक मुलुकहरूको सङ्गठन ओपेकका सदस्य राष्ट्रहरूबीच तेल उत्पादनका सम्बन्धमा पुनर्विचार गर्ने गरी अर्को साता बैठक हुनै लाग्दा तेल उत्पादक मुलुकहरूबीच पुरानै विवादले तनावको अवस्था सिर्जना हुन लागेको विज्ञहरूले बताएका छन् ।

संयुक्त राज्य अमेरिकापछि विश्वमा सर्वाधिक तेल उत्पादक राष्ट्रहरू रसिया र साउदी अरेबियाबीच विगतमा पनि उत्पादनको विषयलाई लिएर विवाद हुने गरेको छ । तर कोरोना भाइरसका कारण कच्चा तेलको मूल्यमा गिरावट आएसँगै प्रमुख तेल उत्पादक राष्ट्रहरूले उत्पादनमा व्यापक कटौती गरेर बजार मूल्यलाई स्थिर राखेका थिए ।

अहिले विश्व बजारमा तेलको मूल्य कोरोना भाइरस सङ्क्रमण देखिनुअघिकै अवस्थामा आइपुगेको छ । अर्थात् बजारमा अहिले कच्चा तेलको मूल्य प्रतिब्यारेल ६५ डलरको हाराहारीमा पुगेको छ । त्यसैले आगामी साता दुई प्रमुख तेल उत्पादक राष्ट्रहरू र अरू साझेदार मुलुकहरूले आगामी कदमका बारेमा छलफल गर्न लागेका हुन् । उनीहरूबीच विश्व बजारमा कति कच्चा तेल पठाउने भन्ने विषय नै वार्ताको प्रमुख विषय बन्न लागेको छ ।

बिहीवार आयोजना हुने उक्त मन्त्रीस्तरीय बैठकमा तेल उत्पादनको कोटाका विषयमा छलफल हुने अपेक्षा गरिएको छ ।

“वार्तामा प्राथमिकताका विषयहरू स्पष्टै छन्– रसियाले जतिसक्दो चाँडो तेल उत्पादनलाई विगतकै स्वरूपमा उत्पादन गर्न चाहन्छ भने साउदी अरेबियाले उच्च मूल्यमैं केही समय तेल बेच्ने चाहना राखिरहेको छ,” सेब संस्थाका प्रमुख विशेषज्ञ बार्ने सिल्ड्रपले बताए ।

कच्चा तेलको मूल्यको विश्व बजारमा माग बढी रहेको अवस्थामा ओपेकले आफ्नो उत्पादन कटौतीले “कृत्रिम अभाव” सिर्जना गर्न सघाउने र त्यसबाट मूल्यवृद्धि यथावत् राख्न मदत गर्नेछ, स्टिफेन इनसले बताए ।

गत जनवरीमा आयोजित दुई दिनको मध्यस्थतापछि ओपेकका २३ सदस्य विश्व बजारमा तेलको आपूर्तिलाई केही सहज तुल्याउन सहमत भएका थिए ।

खोप अभियानको निरन्तरता र विश्वकै सर्वाधिक ठूलो तेल आयातकर्ता चीनमा माग बढेसँगै तेलको मूल्य पूर्वसङ्क्रमण अवस्थामा पुगिसकेको छ।

ओपेकमा निकै प्रभाव सिर्जना गर्ने साउदी अरेबियाले हालैका दिनमा उत्पादनमा थप कटौती गर्ने मनसाय व्यक्त गरेको छ। रियादले हालै मात्र प्रतिदिन १० लाख ब्यारेलले उत्पादन कटौती गर्ने निर्णय गरेको छ जबकि रसिया र कजाखस्तानले कच्चा तेलको उत्पादन केही बढाएका छन् । ओपेकका सदस्य राष्ट्रहरूबीच तेल उत्पादनको कोटालाई लिएर विगतदेखि नै विवाद हुने गरेको छ । यसपटक पनि यस मुद्दाले प्रमुखता पाउने विज्ञहरूको भनाइ छ । इरान, भेनेजुएला र लिबियालाई ओपेकको कोटाबाट अलग राखिएको छ। इराक र नाइजेरियासमेतका अन्य कतिपय मुलुकले भने तोकिएको कोटाभन्दा बढी तेल उत्पादन गरिरहेका छन् । रासस

## हुलास स्टीलमा बम विष्फोट

प्रस, परवानीपुर, १८ फागुन/

गोल्छा समूहको पर्सा जिल्लाको विन्ध्यवासिनी गाउँपालिका–२ बहुअर्वाभाटास्थित निर्माणाधीन हुलास स्टील एन्ड इन्डस्ट्रिज प्रालिको भवनमा गएराति बम विष्फोट भएको थियो ।

विष्फोटबाट उद्योग भवनको एउटा कोठाको झ्यालका सीसाहरू फुटेका छन् भने पर्खालमा क्षति पुगेको प्रहरीले जनाएको छ । पर्सा प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले सोमवार राति १० बजे निर्माणाधीन उद्योगबाट विष्फोटको आवाज आएपछि प्रहरी त्यहाँ पुगेको बताए ।

स्थानीयले उद्योगमा प्रेसर कुकर बम विष्फोट भएको बताए । प्रहरीले भने अनुसन्धान चलिरहेको र सम्पूर्ण जानकारी उपलब्ध गराउन नसकिने बताएको छ । केही दिनअगाडि विप्लव समूहले उद्योगका सञ्चालकसँग रु १५ लाख सहयोग माग गरेको र उद्योगका सञ्चालक शरद गोल्छाले सहयोग गर्न



विष्फोटबाट क्षतिग्रस्त उद्योगको पर्खाल । तस्वीरः प्रतीक

अस्वीकार गरेपछि विष्फोट भएकोले विप्लव समूहको संलग्नताको आशङ्का गरिएको छ। तर विप्लव समूहले यसको आधिकारिक स्वीकारोक्ति भने गरेको छैन ।

## स्वास्थ्य स्वयंसेविकालाई साइकल

प्रस, सप्तरी, १८ फागुन/

सप्तरीको कञ्चनरूप नगरपालिका क्षेत्रमा कार्यरत महिला स्वयंसेविकाहरूलाई साइकल वितरण गरिएको छ ।

स्वास्थ्यसम्बन्धी जानकारी दिन र सेवा प्रदानका लागि सहज होस् भन्ने उद्देश्यले साइकल वितरण गरिएको पालिकाको कार्यालयले जनाएको छ ।

साइकल वितरण कार्यक्रम अन्तर्गत सो नगरपालिका वडा नं ८ का नौजना महिला स्वयंसेविकालाई मङ्गलवार साइकल वितरण गरिएको वडाध्यक्ष राजकुमार साहले जानकारी दिए ।

महिला स्वास्थ्य स्वयंसेविकाले स्वास्थ्य क्षेत्रमा अहोरात्र योगदान पुऱ्याउँदै आएको र स्वास्थ्य क्षेत्रमा अझ सेवा गर्न सहज एवं उत्साहित होस् भन्ने उद्देश्यले साइकल वितरण गरिएको वडाध्यक्ष साहले बताए ।

### ठोरीमा श्रीमद्भागवत्.....

ठोरी ऐतिहासिक ठाउँ भएको र महायज्ञ गराउने अवसर पाउँदा आफूखुशी भएको बताए। उनले ऐतिहासिक धार्मिक महत्त्व बोकेको ठोरी महायज्ञपछि अझ बढी महत्त्व राख्ने बताए। उनले ठोरीवासीले राष्ट्रको सीमा रक्षा गर्दै आएको र यस कार्यमा उनीहरूको योगदानको जति प्रशंसा गरे पनि कम हुने बताए। भेलामा स्वागत तारानाथ ढुङ्गेलले गरेका थिए भने भगवती खड्का, प्रकाश खनाल, अर्जुन बस्नेतलगायतले मन्तव्य व्यक्त गरेका थिए। भेलामा सामाजिक अगुवा, महिला, बुद्धिजीवी, भद्रभलाद्मीहरूको उपस्थिति थियो ।

### सयवटा फर्मबाट....

कारबाई गरी रु ३० लाख २३ हजार जरिवाना गरेको हो ।

यही फागुन १७ गते सोमवारसम्ममा २०५ वटा व्यापारिक प्रतिष्ठानमा अनुगमन गर्दा सोमध्ये १०५ वटा फर्म कारबाईमा परेको कार्यालयको रेकर्डमा उल्लेख छ। दण्ड जरिवानामा परेकामध्ये पर्सामा एसआर रेडिमेड उद्योग वीरगंजलाई सबैभन्दा बढी रु ३ लाख जरिवाना भएको छ । उक्त उद्योगले बहुराष्ट्रिय कम्पनीको लोगो आफ्नो उत्पादनमा लगाउने गरेको पाइएको थियो। यसैगरी, वीरगंजकै जय अम्बे ट्रेड एन्ड जेनेरल अर्डर सप्लायर्सलाई रु दुई लाख ५१ हजार, गगन ट्रेडिङ हाउसलाई रु दुई लाख जरिवाना गरिएको थियो ।

त्यसैगरी, मकवानपुरतर्फ हेटौंडा उपमहानगरपालिका–३ स्थित घरसंसार पसललाई रु तीन लाख जरिवाना गरिएको थियो । सो व्यापारिक फर्मले बढी मूल्य लिएर उपभोक्ता ठग्दै पाइएको निमित्त कार्यालय प्रमुख जीतबहादुर भण्डारीले सञ्चारकर्मीलाई जानकारी गराए । कार्यालयले चालू आर्थिक वर्षको फागुन १७ गतेसम्मको अवधिमा सप्तरी जिल्लामा ११ वटा फर्मको अनुगमन गरेको छ । त्यसैगरी, धनुषामा २०, महोत्तरीमा ६, सर्लाहीमा ३, रौतहटमा १७, बारामा ३, पर्सामा ७६, मकवानपुरमा १५ र चितवनमा २७ वटा गरी जम्मा २०५ फर्मको अनुगमन गरिसकेको जनाएको छ ।

### रु ४७ अर्बको आर्थिक.....

नक्कली बिलको कारोबार गर्नेसँग मिलेमतो गरेको भनेर राजस्व अनुसन्धान विभागमा विशेष सूचना आयो। विभागले गरेको लामो अनुसन्धानले प्राप्त सूचना सही भएको ठहर गर्दै अघिल्लो वर्षको पुसमा अदालतमा उक्त कसूरमा वेभरेजविरुद्ध मुद्दा चलाएको छ । विभागले दायर गरेको अभियोगपत्रमा वरुणले रु ६४ करोड ९६ लाख कर छली गरेकोले बिगो असुल गरी त्यसको दोब्बर जरिवाना र तीन वर्षको कैदको मागदाबी गरेको छ। हिसाब गर्दा झन्डै रु दुई अर्ब हुन आउँछ । उक्त मुद्दामा सञ्चालक अमित गुप्तासहित सातजना प्रतिवादी छन् ।

विराटनगर महानगरपालिका–९ स्थित बाबा फ्लोर मिल र गोपाल फ्लोर मिलका मुख्य कारोबारी सुरेशकुमार राठीसहित तीनजनाको मिलेमतोमा रु १५ करोड ३६ लाख राजस्व छली गरेको आरोपमा यही फागुन १६ गते उच्च अदालत पाटनमा मुद्दा चलाइएको छ । उनीहरूले आम्दानीभन्दा घटी बिक्री देखाइ मूल्य अभिवृद्धि कर, लाभांश कर तथा आयकरसमेत छलेको पाइएको छ। मजदूरलाई प्रलोभनमा पारी २४ वटा फर्म खडा गरेर झूटा तथा नक्कली बिजक बिक्री गरी राजस्व छली गरेको आरोपमा जयकिशोर साह र परमेश्वर साहमाथि पनि रु एक अर्ब ७५ करोड बिगो कायम गरी अघिल्लो पुस १९ मैं मुद्दा दर्ता गरिएको थियो ।

आर्थिक अपराध कसूरका यी त प्रतिनिधि घटना हुन्। पछिल्लो दुवै वर्षको अवधिमा विभागले विदेशी विनिमय अपचलनबाहेक आर्थिक अपराधका २२१ मुद्दा दर्ता गरेको छ। जसमा ११ सरकारी कर्मचारीसहित ७७९ जना विरुद्ध मुद्दा छ । उनीहरूमाथि रु ३६ अर्ब ३५ करोड ३५ लाख बिगोबराबरको आर्थिक अपराध गरेको आरोप छ । जसमा झूटा तथा नक्कली बिजक जारी गरी राजस्व छली गर्ने १२६ फर्मलाई रु १० अर्ब ६२ करोडको बिगो कायम गरी मुद्दा चलाइएको छ ।

यस्तै, नक्कली बिजक खरीद गर्ने ५२ फर्मसमेत परेका छन्। ती फमविरुद्ध चार अर्ब ६१ करोडको आर्थिक अपराध गरेको आरोप छ । सूचनालाई भरपर्दो बनाइ बिल बिजकलाई प्रभावकारी बनाउन सफ्टवेर विकास गरेर काम अगाडि बढाएकाले पनि विभागलाई सफलता मिलेको हो । विभागको सक्रियताले राजस्व चुहावट नियन्त्रण र स्वेच्छिक कर सहभागितामा अभिवृद्धि भएको मैनाली दाबी गर्छन् ।

**विदेशी विनिमय अपचलनमा ४४० विरुद्ध मुद्दा**

विभागका अनुसार विदेशी विनिमय अपचलन गर्नेसमेत धमाधम कारबाहीको दायरामा आएका छन्। हालसम्म ४४० जनालाई प्रतिवादी बनाइ मुद्दा चलाइएको र उनीहरूले रु १० अर्ब ७२ करोड ६९ लाख बिगो बराबरको आर्थिक अपराध गरेको विभागको आरोप छ ।

उनीहरूमाथि बिगोको तेब्बर जरिवाना र तीन वर्षकै कैद सजाय माग गरी अदालतमा मुद्दा चलाइएको छ । यसबाट राजस्व परिचालन र विप्रेषण आयमा सकारात्मक प्रभाव परेको विभागको भनाइ छ । अहिले विभागले सूचना प्रणालीलाई व्यवस्थित गर्दै सामान ओसारपसारमा समेत उक्त प्रणालीमा प्रविष्ट गराएर मात्रै ढुवानी गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। जसले भन्सार छलेर आयात निर्यात भएका वस्तुको निगरानी गर्नसमेत सहज भएको छ ।


Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653


### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडाश्रम |
| मिथुन – चोरभय | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – सुयश | वृश्चिक – बेचैनी |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – राज्यभय | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



Sonu Sharma
(Motivational Speaker, Business Coach)
Coming Soon First Time In Birgunj, Nepal

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# लालबन्दीमा गोलभेंडाबाट एघार करोड आम्दानी

प्रस, सर्लाही, १८ फागुन/
सर्लाहीको लालबन्दीबाट बितेको तीन महीनाको अवधिमा रु ११ करोडभन्दा बढीको गोलभेंडा बिक्री भएको छ। यहाँ ८० प्रतिशतभन्दा बढी जमीनमा गोलभेंडाखेती गरिँदै आएको छ। गोलभेंडाबाट मनग्य आम्दानी हुन थालेपछि किसान व्यावसायिक गोलभेंडाखेतीतर्फ आकर्षित भएका हुन्।


तस्वीर: सौजन्य

कृषि उपज बजार व्यवस्थापन समिति लालबन्दीबाट मात्र मङ्सिरदेखि माघसम्म अर्थात तीन महीनामा रु ११ करोड २८ लाख ४४ हजार ५०० को गोलभेंडा निकासी भएको छ। लालबन्दी बजारबाट मात्र तीन महीनाको अवधिमा व्यापारीले किसानसँग ५६ लाख ७१ हजार १०० किलो गोलभेंडा खरिद गरेर निर्यात गरेको छन्।

त्यसैगरी, माघ महीनामा लालबन्दी बजारबाट ३८ लाख ७८ हजार ५०० किलो अर्थात् रु ६ करोड २० लाख ५६ हजार मूल्यको गोलभेंडा निर्यात भएको कृषि उपज बजार व्यवस्थापन समितिका अध्यक्ष दरेश चौधरीले जानकारी दिए। माघमा गोलभेंडा प्रतिकिलो रु १२ देखि २० मा किनबेच भएको छ।

पुस महीनामा भने १४ लाख ४४ हजार १०० किलो अर्थात् रु ३ करोड २४ लाख ९२ हजार २५० बराबरको गोलभेंडा लालबन्दीबाट निकासी भएको छ। मङ्सिरमा ३ लाख ४८ हजार ५०० किलो अर्थात् रु १ करोड ८२ लाख ९६ हजार २५० बराबरको गोलभेंडा किसानसँग खरिद गरेर व्यापारीहरूले निकासी गरेको समितिले जनाएको छ।

मङ्सिर महीनामा गोलभेंडाको प्रतिकिलो न्यूनतम रु ४५ देखि अधिकतम ६० सम्म बिक्री भएको थियो भने पुसमा न्यूनतम रु १० देखि अधिकतम ३५ मा किनबेच भएको थियो। फागुन लागेदेखि भने किसानले प्रतिकिलो अधिकतम रु १५ सम्म मात्र पाएको बताएका छन्। गर्मी बढ्दै गएपछि गोलभेंडा उत्पादन बढ्ने भएकाले फागुन लागेपछि गोलभेंडाको मूल्य कम हुने गरेको हो।

जिल्ला कृषि विकास कार्यालयका अनुसार जिल्लाको उत्तरी क्षेत्रस्थित ईश्वरपुर, लालबन्दी, हरिवन, हरिपुर र बागमती नगरपालिका क्षेत्रका दुई हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा गोलभेंडा खेती हुने गर्दछ।

# बहुविवाहको अभियोगमा एक वर्ष कैद

प्रस, सप्तरी, १८ फागुन/
बहुविवाहका अभियुक्तलाई सप्तरी जिल्ला अदालतले एक वर्ष कैद र रु १० हजार जरिवानाको फैसला गरेको छ। जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले सिराहाको लहान नगरपालिका–१८ भदैयाका ३४ वर्षीय विनोदकुमार चौधरीलाई सजाय ठहर गरेको हो।

चौधरीकी पत्नी गयादेवी चौधरीले मुद्दा दायर गरेकी थिइन्। विनोदले सप्तरीको सुरुङ्गा नगरपालिका–५ की २८ वर्षीया फूलकुमारी चौधरीसँग बहुविवाह गरेको भन्दै विसं २०७५ भदौ १४ गते इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दर्ता गराएकी थिइन्।

आरोपितले फूलकुमारीकै घरमा बहुविवाह गरेको भन्दै पीडितले उजुरी दिएपछि इलाका प्रहरी कार्यालय कडरबोना सप्तरीले विनोदलाई २०७५ भदौ १५ गते पक्राउ गरेको थियो।

सप्तरी जिल्ला अदालतको आदेशमा आरोपित विनोद २०७५ असोज ११ गते रु ५० हजार धरौटी राखी पुर्पक्षका लागि तारेखमा रिहा भएका थिए। अर्का आरोपित फूलकुमारी हालसम्म पक्राउ परेकी छैनन्। उनको हकमा मुद्दा मुल्तवी राखिएको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले बताएका छन्। सामाजिक परम्परा अनुसार विसं २०६५ मा विवाहित पीडितको १० वर्षीया एक छोरी छ।

# रक्सौल रेलवे स्टेशनमा वृक्षरोपण

प्रस, रक्सौल, १८ फागुन/
रक्सौल रेलवे स्टेशनमा भारत विकास परिषद् शाखा रक्सौलले वृक्षरोपण गरेको छ। स्टेशनको प्रवेश र बाहिरिने द्वारमा २५ वटा बिरुवा रोपण गरिएको छ। परिषद्का अध्यक्ष डा राजेन्द्रप्रसाद सिंह, स्टेशन अधिक्षक अनिलकुमार सिंह, आरपिएफका सन्तोषकुमार मिश्रलगायतले वृक्षरोपण गरेका थिए। सो अवसरमा अध्यक्ष डा सिंहले परिषद्ले रक्सौलमा स्थापनाकालदेखि पर्यावरण संरक्षणका लागि काम गर्दै आएको बताए। उनले रेलवे पार्क सौन्दर्यीकरण गर्ने क्रममा हराभरा गर्न वृक्षरोपण गरिएको बताए।

कार्यक्रममा परिषद्का द्वारिका सर्राफ, अवधेश सिंह, उमेश सिकरिया, सुनील कुमार, विजय साहलगायतको सहभागिता रहेको मिडिया प्रभारी रजनीश प्रियदर्शीले बताए।






# भाइलाई जेलमा भेट्न गएका दाइ पक्राउ

प्रस, वीरगंज, १८ फागुन/
वीरगंज कारागारमा लागूऔषध मुद्दामा बन्दी जीवन बिताइरहेका भाइलाई भेट्न गएका दाइ पनि लागूऔषधसहित पक्राउ परेका छन्।


शेर्पाले जुत्तामा लुकाएको चरेसको धूलो। तस्वीर सौजन्य: जिप्रका पर्सा

जिल्ला प्रहरी कार्यालय, पर्साले जनाए अनुसार पर्सा जिल्ला अदालतबाट लागूऔषध मुद्दामा पुर्पक्षको लागि थुनामा रहेका सिन्धुपाल्चोक गाउँपालिका–१ बस्ने २० वर्षीय लाक्पा शेर्पालाई भेट्न गएका २२ वर्षीय मिङ्मा शेर्पाबाट १० ग्राम चरेसको धूलो बरामद भएपछि निजलाई पक्राउ गरेको हो। मिङ्माले भाइलाई भेट्न जाने क्रममा स्पोर्ट्स जुत्ताको तल लुकाएको अवस्थामा १० ग्राम चरेस बरामद भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ। निजलाई पनि हिरासतमा राखेर लागूऔषध मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी गराएको छ।

# खेलकूदको संसार

## सखुवाप्रसौनी गोल्डकपमा बारा विजयी

प्रमोद यादव, पंचगावाँ, १८ फागुन/
सखुवाप्रसौनी गाउँपालिकामा सञ्चालित तेस्रो गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको खेलमा बारा–११ बारा विजयी भएको छ।

आज भएको खेलमा बारा–११ ले सशस्त्र प्रहरी बल बर्दिवास महोत्तरीलाई ० का विरुद्ध २ गोलले पराजित गऱ्यो।

जीतसँगै बारा क्वाटरफाइनलबाट सेमिफाइनलमा प्रवेश गरेको छ।

सखुवाप्रसौनी गापाको आर्थिक सहयोगमा वडा नं १ मधुवन मथवल वडा कार्यालयले फुटबल प्रतियोगिताको आयोजना गरेको हो।

## शहीद स्मारक “बी” डिभिजन लिग : बाँसबारी क्लब विजयी

काठमाडौं, १८ फागुन/
शहीद स्मारक ‘बी’ डिभिजन लिग फुटबलअन्तर्गत मङ्गलवार भएको खेलमा बाासबारी युवा क्लब विजयी भएको छ।

ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा भएको खेलमा बाासबारीले पुल्चोक स्पोर्ट्स क्लबलाई २–० गोलअन्तरले पराजित गरेको हो। बाँसबारीका लागि दुवै गोल निशान सुनारले गरे। उनले खेलको ४७औं मिनेटमा पहिलो गोल गरेका थिए। सुनारले नै खेलको ६९औं मिनेटमा बाँसबारीका लागि दोस्रो गोल गरे।

जीतसँगै बाँसबारीले आठ खेलमा १८ अङ्क जोडेको छ। बाँसबारी लिगको तेस्रो स्थानमा रहेको छ। यस्तै आठ खेलमा दुई अङ्क मात्र जोडेको पुल्चोक स्पोर्ट्स क्लब लिगको पुछारमा रहेको छ। लिगमा १२ वटा क्लबले प्रतिस्पर्धा गरिरहेका छन्।

# लालबाबू शेख प्रेस काउन्सिलको सदस्यमा मनोनीत

प्रस, वीरगंज, १८ फागुन/
वीरगंजका पत्रकार लालबाबू शेख प्रेस काउन्सिल नेपालको सदस्यमा मनोनीत भएका छन्।

मन्त्रिपरिषद्को मङ्गलवार बसेको बैठकले शेखलाई प्रेस काउन्सिलको सदस्यमा चार वर्षको लागि मनोनीत गरेको सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका सहसचिव डिल्लीराम शर्माले बताए।

प्रेस काउन्सिलको सदस्यमा मनोनीत भएका शेखलाई आजै सिंहदरबारस्थित मन्त्रालयमा मनोनयनपत्र हस्तान्तरण गरिएको छ।


लालबाबू शेख (बायाँ)।

# गापा अध्यक्षको गाडीबाट ८ लाख नगद बरामद

प्रस, जनकपुरधाम, १८ फागुन/
धनुषाको बटेश्वर गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर राउत चढ्ने गाडीबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले आठ लाख रुपैयाँ बरामद गरेको छ। रकम बरामद भएपछि अध्यक्षको गाडीसहित चालकलाई पनि अख्तियारले नियन्त्रणमा लिएको छ।

गाउँपालिकाको अनुदान सहयोगमा भवन निर्माण सम्पन्न भएपछि सोको भुक्तानी दिने प्रयोजनका लागि सेवाग्राहीसँग आठ लाख रुपैयाँ घूस मागेको सुराकको आधारमा अख्तियारको केन्द्रीय टोलीले छापा मारी घूस रकमसहित गाडी चालकलाई नियन्त्रणमा लिएको हो।

रकमसँगै पक्राउ पर्नेमा चालक वीरबहादुर मगर रहेको अख्तियारले जनाएको छ। प्रदेश नं २–०२–०० झ ०००२ नम्बरको स्कारपियो गाडीमा घूस रकम रहेको सूचनाको आधारमा आयोगको टोलीले सोमवार साँझ आकस्मिक खानतलाश गर्न खोज्दा गाडीका चालकले आठ लाख रुपैयाँ नगद क्षीरेश्वर नपा वडा नं ५ को बाटो छेउमा फ्याँकेर भागेका थिए। फरार चालक मगरलाई बटेश्वर गापा–४ बाट नियन्त्रणमा लिइएको थियो। सो सम्बन्धमा अनुसन्धानका लागि गाउँपालिका अध्यक्ष राउतलाई पक्राउ गर्न माग गर्दै स्थानीयले गाउँपालिकाको कार्यालयमा मङ्गलवार बिहानैदेखि तालाबन्दी गरेका छन्।

अध्यक्ष राउत सम्पर्कमा नआएको अख्तियारको केन्द्रीय कार्यालय टङ्गालले जनाएको छ।

# तीनजना जुवाडे पक्राउ, प्रहरी हवल्दार घाइते

प्रस, पोखरिया, १८ फागुन/
इलाका प्रहरी कार्यालय, पोखरियाले १ लाख ७६ हजार नगदसहित तीनजना जुवाडेलाई पक्राउ गरेको छ।


जुवा खेल्दै अवस्थामा छापामारी गर्दै प्रहरी र पक्राउ परेका जुवाडेहरू। तस्वीर: प्रतीक

बहुदरमाई नगरपालिका–१ विश्रामपुरमा जुवा खेलिरहेका तीनजना जुवाडेलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक दीपक थापाले बताए।

विश्रामपुरमा रहेको बगैंचामा ४०/५० जनाको समूहमा कौडा खेलिरहेको सूचनाको आधारमा प्रहरीले मङ्गलवार दिउँसो साढे तीन बजे छापामारी गरेको थियो। छापामारीको क्रममा खुला बगैंचा भएको कारण जुवाडेहरू भागेका र प्रहरीले समाउने क्रममा एकजना प्रहरी हवल्दार सरोजप्रसाद केसरी घाइते भएको प्रनि थापाले बताए। घाइते हवल्दारको औंला भाँचिएको उनले जानकारी गराए।

भागदौडको क्रममा प्रहरीले तीनजना जुवाडेलाई पक्राउ गरेको र खालबाट १ लाख ७६ हजार नगद बरामद भएको उनले बताए। पक्राउ पर्नेमा बारा, कलैया उपमहानगर–२३ का जङ्गबहादुर साह, वडा नं १४ का राजेश मेहता र बहुदरमाई नपा–९ का गुर्देली साह रहेको प्रनि थापाले जानकारी गराए।

पर्सा, बारा र छिमेकी भारतबाट जुवाडेहरू सो स्थानमा आएर कौडा खेल्ने गरेको स्थानीयको गुनासोपछि प्रहरीले छापामारी गरेको बताइएको छ।